मिति २०८२ साल आश्विन महिनाको ३० गतेका दिन ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को विनियमको दफा २६ को उपदफा ८ र सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्थ) निर्देशिका, २०७६ बमोजिमको साधारण सभाको निर्णय प्रमाणित गर्ने एकाइ बैठकका प्रतिनिधिहरुको सभाको बैठक संस्थाका अध्यक्ष श्री रविन्द्र विक्रम हमाल ज्यू को अध्यक्षतामा बर्दघाट नगरपालिकाको वडा नं.७ जिमिरेभार स्थित संस्थाको केन्द्रीय कार्यालयको सभाकक्षमा बस्यो । बैठकले तपशिलको उपस्थितिमा सञ्चालक समितिले मिति २०८२ भाद्र १३ मा स्वीकृत गरेको समान कार्यसूची अन्तर्गत साधारण सभाका एकाइ बैठकहरुबाट प्रमाणित भइआएको विवरण एवं ब्यहोराका आधारमा तपशिल बमोजिम छलफल गरी साधारण सभाको निर्णय प्रमाणित गर्‍यो ।

## तपशिल

### उपस्थिति

| सि.नं. | नाम,थर | प्रतिनिधित्व गरेको एकाइ नं. (अध्यक्षता गर्ने अधिकारी भए पद) | सदस्यता प्रमाण-पत्र नं. र पदाधिकारी भए पद समेत | सहीछाप |
|---|---|---|---|---|
| १. | श्री रविन्द्र विक्रम हमाल | एकाइ नं.४ (अध्यक्ष) | ००४०००१४३, अध्यक्ष | [signature] |
| २. | दिपामाया खत्री क्षेत्री | एकाइ नं.१ | ००४००१२८३ | [signature] |
| ३. | सुरेश कुमार श्रेष्ठ | एकाइ नं.१ | ००३०००५५८ | [signature] |
| ४. | पेमराज खनाल | एकाइ नं.१ | ००३०००३६५ | [signature] |
| ५. | सीता के सी | एकाइ नं.१ | ००३००००७६ | [signature] |
| ६. | धन कुमारी गुरौ | एकाइ नं.१ | ००३००१७३९ | [signature] |
| ७. | शारदा खनाल | एकाइ नं.१ | ००३००००५ | |
| ८. | राम प्रकाश पौडेल | एकाइ नं.२ | ००२०००२१२ | [signature] |
| ९. | हेमलाल न्यौपाने | एकाइ नं.२ | ००२००००७२ | [signature] |
| १०. | बालकृष्ण गौतम | एकाइ नं.२ | ००२०००८५४ | [signature] |
| ११. | चुडामणी वराल | एकाइ नं.३ | ००६०००९५७ | [signature] |
| १२. | खिमा गुरुङ्ग | एकाइ नं.३ | ००६०००८८७ | [signature] |

| | | | | |
|---|---|---|---|---|
| १३. | तुल्सा अधिकारी | एकाइ नं.३ | ००६०००२४० | |
| १४. | रामु भुषाल | एकाइ नं.४ | ००५००३७५५ | |
| १५. | दुर्गा कुंवर | एकाइ नं.४ | ००१००६४१४ | |
| १६. | जानकी देवी भण्डारी | एकाइ नं.४ | ००५०००४५३ | |
| १७. | गोपाल पाण्डेय | एकाइ नं.४ | ००५००००९२ | |
| १८. | शिव कुमारी भट्टराई | एकाइ नं.४ | ००५०००६२३ | |
| १९. | यज्ञ प्रसाद दाहाल | एकाइ नं.४ | ००१००७३०७ | |
| २०. | तारा प्रसाद पाण्डे | एकाइ नं.४ | ००५००१३०७ | |
| २१. | तारादेवी ढकाल | एकाइ नं.४ | ००५००३७४७ | |
| २२. | पुष्पा बर्मा | एकाइ नं.४ | ००१००२६६३ | |
| २३. | रामचन्द्र भारती | एकाइ नं.५ | ००७००००७० | |
| २४. | गीता भण्डारी | एकाइ नं.५ | ००७०००३९५ | |
| २५. | नुर आलम अन्सारी | एकाइ नं.५ | ००७००१५४१ | |
| २६. | जुगुल ठाकुर नाउ | एकाइ नं.५ | ००७०००८६४ | |
| २७. | ऋषिराम पौडेल | एकाइ नं.६ | ००१०००१० | |
| २८. | भिमलाल भण्डारी | एकाइ नं.६ | ००१००७६०५ | |
| २९. | विष्णुमाया पाण्डे | एकाइ नं.६ | ००५०००२८७ | |
| ३०. | हरिमाया भण्डारी | एकाइ नं.६ | ००१०००१२० | |
| ३१. | अनिता दमाई | एकाइ नं.६ | ००१००७९०० | |
| ३२. | ज्ञानु शर्मा | एकाइ नं.६ | ००१०००३२६ | |
| ३३. | आरती शर्मा | एकाइ नं.६ | ००१०००७०० | |

**गणपूर्ति विवरण**

- जम्मा चयन भएका एकाइ प्रतिनिधिहरुको सभा सदस्य : ३३ जना
- बैठकमा उपस्थित एकाइ प्रतिनिधिहरु : ........ जना ( ....%)

## समान कार्यसूची

| समान कार्यसूचीको क्रम संख्या | प्रस्तावित छलफलको विषयहरु |
|---|---|
| १. | आ.व.२०८१/०८२ को प्रगति प्रतिवेदन तथा आ.व.२०८२/०८३ को प्रस्तावित कार्यक्रम छलफल तथा पारित गर्ने । |
| २. | आ.व.२०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ.व.२०८२/०८३ को प्रस्तावित कार्ययोजना तथा बजेट छलफल तथा पारित गर्ने । |
| ३. | आ.व.२०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा । |
| ४. | आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा । |
| ५. | लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा । |
| ६. | विनियम संसोधन सम्बन्धमा । |
| ७. | पुनर्लिखित आन्तरिक नीति तथा कार्यविधिहरु पारित गर्ने सम्वन्धमा । |
| ८. | रणनीतिक व्यवसायिक योजना सम्बन्धमा । |
| ९. | विविध ।<br>(क) पेश्की बजेट सम्वन्धमा । |

## छलफल तथा निर्णय

खण्ड (क) प्रतिवेदनमा

| समान कार्यसूचीको क्रम संख्या | प्रतिवेदनको विवरण | सहमति जनाएको संशोधन | निर्णयार्थ पेश हुंदाको मत विवरण | | | | साधारण सभाको निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | एकाइ नं. | पक्षमा | विपक्षमा | तटस्थ | | |
| १. | आ.व. २०८१/८२ को प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम छलफल तथा पारित गर्ने । | नभएको | १. | सर्वसम्मत | | | आ.व. २०८१/८२ को सचिवको प्रगति प्रतिवेदन तथा आ.व. २०८२/८३ को प्रस्तावित कार्यक्रम सम्वन्धमा छलफल गर्दा, प्रतिवेदनमा प्रस्तुत भए बमोजिमको यसै साथ संलग्न गरिएको आ.व. २०८१/०८२ को सचिवको प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम छलफल गरि सर्वसम्मतबाट पारित गरियो । | यसै निर्णयको पूर्ण प्रस्ताव संलग्न गरिएको छ । |
| | | | २. | सर्वसम्मत | | | | |
| | | | ३. | सर्वसम्मत | | | | |
| | | | ४. | सर्वसम्मत | | | | |
| | | | ५. | सर्वसम्मत | | | | |
| | | | ६. | सर्वसम्मत | | | | |
| | | | सबै | सर्वसम्मत | | | | |
| २. | आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ. व. २०८२ /०८३ को प्रस्तावित कार्ययोजना तथा बजेट छलफल तथा पारित गर्ने । | नभएको | १. | सर्वसम्मत | | | आर्थिक वर्ष २०८१/०८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित वित्तिय लक्ष्य तथा बजेट सम्वन्धमा छलफल गर्दा, शेयर पूंजी : रु.८,१६,०६,१००/- , कुल वासलातः रु. १,१६,४३,६१,८१८।४७ कुल आम्दानीः रु.११,७७,७८,९०१।१० कुल खर्च रु.११,२५,४२,८८८।९८ र आयकर खर्च ८२,४१२।१८ गरी | |
| | | | २. | सर्वसम्मत | | | | |
| | | | ३. | सर्वसम्मत | | | | |
| | | | ४. | सर्वसम्मत | | | | |
| | | | ५. | सर्वसम्मत | | | | |
| | | | ६. | सर्वसम्मत | | | | |
| | | | सबै | सर्वसम्मत | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | रु.५१,५३,५११।९४ खुद नाफा सहितको आ.व.२०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को लागि अनुमानित/प्रस्तावित कुल वासलात रु.१,३१,००,००,००।-, कुल आम्दानी रु.१०,३८,९७,२००।- कुल खर्च रु. ७,६५,७८,४००।- र रु.२,७३,१८,८००।- खुद बचत सहितको वित्तिय लक्ष्य तथा बजेट (यसै साथ संलग्न गरिएको) छलफल गरी सर्वसम्मतबाट पारित गरियो। | |
| ३. | आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा। | नभएको | १. | सर्वसम्मत | | | आ.व.२०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा छलफल गर्दा, लेखा सुपरिवेक्षण समतिले पेश गरेको प्रतिवेदन माथि व्यापक छलफल गरी विस्तृत रुपमा रहेको प्रतिवेदन (यसै साथ संलग्न गरिएको) सर्वसम्मतबाट अनुमोदन तथा पारित गरियो। | यसै निर्णयको पूर्ण प्रस्ताव संलग्न गरिएको छ। |
| | | | २. | सर्वसम्मत | | | | |
| | | | ३. | सर्वसम्मत | | | | |
| | | | ४. | सर्वसम्मत | | | | |
| | | | ५. | सर्वसम्मत | | | | |
| | | | ६. | सर्वसम्मत | | | | |
| | | | सबै | सर्वसम्मत | | | | |
| ४ | आ.व. २०८१/०८२ को वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा | नभएको | १. | सर्वसम्मत | | | आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा छलफल गर्दा, गत साधारण सभाले नियुक्त गरेको रामहरि एण्ड एशोसिएट्सका लेखापरीक्षक श्री रामहरि रौनियार सि.ए. (दर्ता नं.४५८) ले पेश गर्नुभएको यस संस्थाको | यसै निर्णयको पूर्ण प्रस्ताव संलग्न गरिएको छ। |
| | | | २. | सर्वसम्मत | | | | |
| | | | ३. | सर्वसम्मत | | | | |
| | | | ४. | सर्वसम्मत | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५. | सर्वसम्मत | | | आ.व.२०८१/०८२ को रु.१,१६,४३,६२[illegible]१४७ बासलात र खुद नाफा रु.५१,५३,५९९।९४ सहितको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिमको लेखापरीक्षण प्रतिवेदन २०८१/०८२ मा छलफल गरी सर्वसम्मतबाट पारित गरियो । | |
| | | | ६. | सर्वसम्मत | | | | |
| | | | सबै | सर्वसम्मत | | | | |

खण्ड (ख) मूल प्रस्तावमा

| समान कार्यसूची को क्रम संख्या | प्रस्तावको विवरण | प्रस्तुतकर्ता | एकाइ बैठकमा निर्णयार्थ पेश हुंदाको मत विवरण | | | | साधारण सभाको निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | एकाइ नं. | पक्षमा | विपक्षमा | तटस्थ | | |
| ५. | लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा | सञ्चालक समितिको तर्फबाट सचिव श्री राधा ढकाल | १ | सर्वसम्मत | | | चालू आ.व. २०८२/०८३ को लागि लेखापरीक्षको नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा छलफल गर्दा संस्थाको आ.व.२०८२/०८३ को लेखापरीक्षण (NFRS प्रणालीबाट) गराउन तपशिल बमोजिमका चार्टर्ड एकाउण्टेन्ट फर्म तथा कम्पनीहरुको ओवदन परेकोमा रु.५,००,०००/-(अक्षरुपी पांच लाख मात्र ।) पारिश्रमिक कायम हुनेगरी बाह्य लेखापरीक्षण कार्य सम्पन्न गर्न गराउन आई.क्यान सदस्य नं. ५५१ को राजु बस्नेत क्षेत्रीबाट लेखापरीक्षण गराउने र यदि उक्त | |
| | | | २ | सर्वसम्मत | | | | |
| | | | ३ | सर्वसम्मत | | | | |
| | | | ४ | सर्वसम्मत | | | | |
| | | | ५ | सर्वसम्मत | | | | |
| | | | ६ | सर्वसम्मत | | | | |
| | | | सबै | सर्वसम्मत | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | फर्मबाट लेखापरीक्षण कार्य हुन नसकेमा तपशिलको क्रमानुसार गराउने निर्णय गरियो ।<br>तपशिल | |

| क्र.सं. | लेखापरीक्षण फर्म | ठेगाना | दर्ता नं. |
|---|---|---|---|
| १. | राजु बस्नेत एण्ड एशोसिएट्स | बुटवल १४, रुपन्देही | ४५८ |
| २. | एस.एच.ए. एण्ड एशोसिएट्स | भरतपुर १०, चितवन | ५६५ |
| ३. | अर्याल अनुप एण्ड एशोसिएट्स | भरतपुर १०, चितवन | ११६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | विनियम संसोधन सम्वन्धमा | सञ्चालक समितिको तर्फबाट सचिव श्री राधा ढकाल | १ | सर्वसम्मत | | | राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड निर्देशन अनुसार संस्थालाई सञ्चालन व्यवस्थापन गर्नुपर्ने भएकोले सोही आधारमा संसोधन गरिएको संस्थाको विनियम सर्वसम्मतबाट पारित गरियो । | |
| | | | २ | सर्वसम्मत | | | | |
| | | | ३ | सर्वसम्मत | | | | |
| | | | ४ | सर्वसम्मत | | | | |
| | | | ५ | सर्वसम्मत | | | | |
| | | | ६ | सर्वसम्मत | | | | |
| | | | सबै | सर्वसम्मत | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | पुनर्लिखित आन्तरिक नीति तथा कार्यविधिहरु पारित गर्ने सम्वन्धमा। | सञ्चालक समितिको तर्फबाट सचिव श्री राधा ढकाल | १ | सर्वसम्मत | | | संचालक समितिबाट तयार गरी लागु गरिएका देहाय बमोजिमका पुनर्लिखित आन्तरिक कार्यविधि लाई अनुमोदन गर्ने र आवश्यकता बमोजिम नीति, निर्देशिका एवं कार्यविधिहरु बनाई लागु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।<br>१.सदस्यता नीति २०८२<br>२. शेयर नीति २०८२<br>३. बचत नीति २०८२<br>४. ऋण व्यवस्थापन नीति २०८२<br>५. निर्वाचन नीति २०८२<br>६. मानव संसाधन व्यवस्थापन नीति २०८२<br>७. आर्थिक प्रशासन नीति २०८२<br>८. लेखा नीति २०८२<br>९. सुशासन नीति २०८२<br>१०. सदस्य राहत कोष सञ्चालन नीति २०८२<br>११. गल्ती व्यवस्थापन नीति २०८२<br>१२. जोखिम व्यवस्थापन नीति २०८२<br>१३. बाह्य ऋण नीति २०८२<br>१४. सेवा केन्द्र व्यवस्थापन नीति २०८२<br>१५. सूचना प्रविधि नीति २०८२<br>१६. संगठन तथा सामान्य नीति २०८२<br>१७. कोष व्यवस्थापन नीति २०८२<br>१८. लघुवित्त नीति २०८२<br>१९. सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधि २०८२<br>२०. सदस्य सेवा निर्देशिका | |
| | | | २ | सर्वसम्मत | | | | |
| | | | ३ | सर्वसम्मत | | | | |
| | | | ४ | सर्वसम्मत | | | | |
| | | | ५ | सर्वसम्मत | | | | |
| | | | ६ | सर्वसम्मत | | | | |
| | | | सबै | सर्वसम्मत | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८. | रणनीतिक व्यवसायिक योजना सम्वन्धमा। | सञ्चालक समितिको तर्फबाट सचिव श्री राधा ढकाल | १. | सर्वसम्मत | | | संस्थाको आर्थिक वर्ष २०८२/०८३ देखि २०८५/०८६ सम्मको लागि तयार गरेको चौथो चारबर्षे रणनीतिक व्यवसायिक योजना पास गर्ने निर्णय गरियो। | |
| | | | २. | सर्वसम्मत | | | | |
| | | | ३. | सर्वसम्मत | | | | |
| | | | ४. | सर्वसम्मत | | | | |
| | | | ५. | सर्वसम्मत | | | | |
| | | | ६. | सर्वसम्मत | | | | |
| | | | जम्मा | सर्वसम्मत | | | | |
| ९. | विविध | | | | | | | |
| (क) | पेश्की बजेट | सञ्चालक सगितिको तर्फबाट सचिव श्री राधा ढकाल | १ | सर्वसम्मत | | | पेश्की बजेट सम्वन्धमा छलफल गर्दा, सञ्चालक समितिले मिति २०८२ आषाढ ३१ को निर्णय अनुसार साधरण सभा सम्पन्न नहुंदासम्मको लागि लिएको पेश्की फर्छ्यौट गर्ने निर्णय गरियो। | |
| | | | २ | सर्वसम्मत | | | | |
| | | | ३ | सर्वसम्मत | | | | |
| | | | ४ | सर्वसम्मत | | | | |
| | | | ५ | सर्वसम्मत | | | | |
| | | | ६ | सर्वसम्मत | | | | |
| | | | जम्मा | सर्वसम्मत | | | | |

## खण्ड (ख.१) विरोधको प्रस्तावमा

| समान कार्यसूची को क्रम संख्या | मूल प्रस्तावको प्रस्तुतकर्ता र विषय | विरोध प्रस्तावको प्रस्तुतकर्ता र विषय | एकाइ बैठकमा निर्णयार्थ पेश हुंदाको मत विवरण | | | | साधारण सभाको निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | एकाइ नं. | विरोधको पक्षमा | विरोधको विपक्षमा | विरोधमा तटस्थ | | |
| | | | | | | | विरोधको प्रस्ताव नभएको | |

## खण्ड (ख.२) संसोधन प्रस्तावमा

| समान कार्यसूची को क्रम संख्या | मूल प्रस्तावको प्रस्तुतकर्ता र विषय | संसोधन प्रस्तावको प्रस्तुतकर्ता र संसोधनको बेहोरा | एकाइ बैठकमा निर्णयार्थ पेश हुंदाको मत विवरण | | | | साधारण सभाको निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | एकाइ नं. | पक्षमा | विपक्षमा | तटस्थ | | |
| | | | | | | | संसोधनको प्रस्ताव नभएको | |

## खण्ड (ग) सुझावमा

| समान कार्यसूची को क्रम संख्या | सुझावको बेहोरा | सुझावदाता सदस्यको नाम | एकाइ बैठकमा निर्णयार्थ पेश हुंदाको मत विवरण | | | | साधारण सभाको निर्णय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | एकाइ नं. | पक्षमा | विपक्षमा | तटस्थ | | |
| | | | | | | | सुझाव नभएको | |

## खण्ड (घ) जानकारीमा

| समान कार्यसूचीको क्रम संख्या | जनकारीको विषय र प्रस्तुतकर्ता | छलफलमा सोधिएका प्रश्न र प्रदत्त सुझावका बुंदा | साधारण सभाको निर्णय | कैफियत |
|---|---|---|---|---|
| | | | नभएको | |

## खण्ड (ङ) अभिलेखयोग्य अन्य कामकुरा

| क्र.सं. | विषय | उठानकर्ता | व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १. | ऋण लगानी सम्वन्धमा | थानेश्वर पाण्डे | सुरक्षित ऋण लगानीमा ध्यान दिनुपर्ने कुरा राख्नुभएको। | सुरक्षित ऋण लगानीमा जोड दिईनेछ। |
| २. | शेयर लाभांश | दिपक खराल | शेयर लाभांश वितरण हुन नसक्नुको कारण के हो भनि प्रश्न राख्नुभएको। | भाखा नाघेको ऋणमा सुरक्षण राख्नुपरेको कारण लाभांश वितरण गर्न नसकिएको कुरा स्पष्ट पारियो। |
| ३. | ऋण लगानी सम्बन्धमा | दिपक खराल | ऋण लगानी प्रक्रियामा लगानी हुने नहुने बारे छिटो जानकारी दिनुपर्ने कुरा उठाउनुभएको। | ऋण लगानी प्रक्रियामा आवश्यक सुधार गरिनेछ। |
| ४. | ब्याजदर सम्वन्धमा | यादव प्रसाद पाण्डे | ब्याजदर निर्धारण विषयमा प्रष्ट पारिदिनुहुन भनी विषय उठान गर्नुभएको। | मासिक रुपमा वित्तिय बजार दर विश्लेषण, संस्थाको आधार दर र सन्दर्भ ब्याजदरलाई आधार मानि बढीमा ६ प्रतिशतको स्प्रेड दर कायम गर्नेगरि निर्धारण गरिन्छ भन्ने कुरा स्पष्ट पारियो। |
| ५. | ब्याज भुक्तानी सम्वन्धमा | दुर्गा कुंवर | अग्रिम ब्याज भुक्तानी गर्दा ब्याजमा छुट दिनुपर्ने विषय उठान गर्नुभएको। | सदस्यले अग्रिम ब्याज बुझाउँदा ऋण भुक्तानी बचत खातमा जम्मा गर्ने र बुझाउनुपर्ने दिनमा सफ्टवेयरनै बचतबाट मिलान गर्ने व्यवस्था मिलाईएको छ। जसमा सदस्यले ऋण भुक्तानी खातामा रकम राख्दा ऐच्छिक बचत सरह ब्याज पाउने कुराको जानकारी सदस्यज्यूहरुलाई जानकारी गराईयो। |
| ६. | शेयरको सीमा निर्धारण सम्वन्धमा | रामु भुषाल | शेयरको सीमा रु.१५,०००/- पन्ध्र हजार निर्धारण गरिएको विषयमा | संस्थामा सदस्यहरुको प्रति सदस्य शेयर पूंजी समान रु.१५,०००/- (अक्षरुपी पन्ध्र हजार मात्र।) कायम गरिनेछ। |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रश्न राख्नुभएको । | रु.१५,०००/- भन्दा बढी हुने सदस्यको शेयर रकम बचत बचत खातामा रकमान्तर गरिनेछ भने रु.१५,०००/- नपुगने सदस्यहरुको शेयर रकम मासिक बचतबाट रकमान्तर गरि पूरा गरिनेछ । |
| ७. | उधमीको साथि कार्यक्रम सम्वन्धमा | विष्णु खनाल | संस्थाले मोवाईल एप मार्फत शुरुवात गरेको उधमीको साथि कार्यक्रममा जोडिने प्रक्रियाको बारेमा जिज्ञासा राख्नुभएको । | संस्थाको मोवाईल एपमा लोकल प्रोडक्ट अन्तर्गत यो सेवा लिन सकिने कुराको जानकारी गराईयो । |
| ८. | साधारण सभाको यातायात खर्च सम्वन्धा । | सन्तोष गौतम | संस्थाले साधारण सभा आउँदा दिदै आएको यातायात खर्च दिनुपर्दछ भनी विषय उठान गर्नुभएको । | राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम प्रदान गर्न नसकिने कुराको जानकारी गराईयो । |
| ९. | सदस्य राहत कोष सम्वन्धमा | यज्ञ दाहाल | संस्थाले वोनष वितरण गर्न नसकेको र यातायात खर्च पनि नदिएको हुंदा सदस्य राहत वापत सदस्यले योगदान गर्नुपर्ने रु.१००/- खाताबाट रकमान्तर नगर्न अनुरोध गर्नुभएको । | सदस्य राहत कोष सञ्चालन नीति अनुसार व्यवस्थापन गरिनेछ । |
| १०. | न्यूनतम बचत दर | शारदा थापा | न्यूनतम बचत दर रु.५०० बढी भयो भनी विषय उठान गर्नुभएको | बचत नीतिमा आवश्यक व्यवस्था गरि कार्यान्वयन गरिनेछ । |
| ११. | ऋण लगानी प्रक्रिया | शारदा थापा | ऋण लगानी प्रक्रिया झन्झटिलो भयो सरल बनाउनुपर्ने भनी विषय उठान गर्नुभएको । | जोखिम विश्लेषणको आधारमा हाल कायम रहेको व्यवस्थालाई नै निरन्तरता दिईने । |
| १२. | बचत जमानी ऋणको ब्याजदर | डिल्लीराम ढकाल | बचत जमानीमा लिने ऋणको ब्याजदर कम हुनुपर्ने भनी विषय उठान गर्नुभएको । | हाल कायम रहेको ब्याजदरमा बचत जमानी ऋणको ब्याजदर नै सबैभन्दा कम रहेको छ र ब्याजदर निर्धारण गर्दा बचत जमानी ऋणको ब्याजदरलाई न्यून राख्ने नीतिलाई निरन्तरता दिईने छ । |
| १३. | कर्मचारी सेवा सुविधा | डिल्लीराम ढकाल | कर्मचारीको सेवा सुविधामा महंगी भत्ता बढाउनुपर्ने भनी विषय उठान गर्नुभएको । | संस्थाको बर्तमान अवस्था विश्लेषण गर्दा सेवा सुविधा थप गर्न सक्ने अवस्था नरहेकोले हाल कायम रहेको सेवा सुविधालाई नै निरन्तरता दिईने छ । |

| | | | | |
|---|---|---|---|---|
| १४. | साधारण सभामा अतिथि सम्वन्धमा। | कृष्ण प्रसाद पौडेल | साधारण सभामा उद्घाटन सत्र, अतिथि नभएकोमा खुशी व्यक्त गर्नुभएको। | राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम साधारण सभा सञ्चालन गरिएकोमा यसलाई अझ सरल बनाई सञ्चालन गरिनेछ। |
| १५. | सदस्यको बचतको सुरक्षा सम्वन्धमा | गुम कुमारी कार्कि | अहिले कठिन परिस्थिति रहेको हुंदा प्रतिफल भन्दा पनि सदस्यको बचतको सुरक्षामा ध्यान दिनुपर्ने कुरा उठान गर्नुभएको | संस्थाले सदस्यको बचतको सुरक्षा पहिलो प्राथमिकता को नीति अवलम्बन गरिएकोमा बचतमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ। जसको लागि भाखा नाघेको ऋणमा नियमानुसार सुरक्षण राखिनेछ। |
| १६. | ऋण लगानी सम्वन्धमा | पुकार शर्मा | ऋण लगानी प्रक्रियालाई सहज बनाउनुपर्ने कुरा उठान गर्नुभएको। | जोखिम विश्लेषणको आधारमा हाल कायम रहेको व्यवस्थालाई नै निरन्तरता दिईने। |
| १७. | खर्च नियन्त्रण सम्वन्धमा | पुकार शर्मा | संस्थाले खर्च नियन्त्रणमा विशेष ध्यान दिनुपर्ने कुरा औंल्याउनुभएको। | खर्च नियन्त्रणको नीति संस्थाले अवलम्वन गरेको छ। खर्च नियन्त्रणको नीतिलाई हर हमेसा अवलम्बन गरिनेछ। |
| १८. | ऋण लगानी र असुली सम्वन्धमा | प्रकाश कुंवर | ऋण लगानी गर्दा सुरक्षित ऋण लगानीमा जोड दिनुपर्ने र हाल भाखा नाघेको ऋण असुलीलाई जोड दिनुपर्ने विषय उठान गर्नुभएको। | सुरक्षित ऋण लगानी र ऋण असुलीको कार्यलाई जोड दिईएकोमा यसलाई अझ बढी प्रभावकरी बनाईनेछ। जस अन्तर्गत ऋण असुलीको लागि ताकेता, लिलाम आदि कानुनी प्रक्रिया समेत गरिनेछ। |
| १९. | बचत सुरक्षा | शालिकराम घिमिरे | सदस्यहरुको बचतको सुरक्षालाई प्राथमिकतामा राखि कार्यसम्पादन गर्नुपर्ने विषय उठान गर्नुभएको। | संस्थामा रहेको सदस्यको बचतको सुरक्षा नै सञ्चालक कर्मचारीको पहिलो जिम्मेवारी रहने हुंदा यस नीतिलाई हर हमेसा मध्यनजर गरि संस्थाको गतिविधि गरिनेछ। |
| २०. | ऋण भुक्तानी सम्वन्धमा | नेत्र प्रसाद रिमाल | ऋण लिनुभएका सदस्य ज्यूहरुले भाखा ननघाईकन नियमित रुपमा ऋण भुक्तानी गर्न अनुरोध गर्नुभएको। | सम्पूर्ण ऋणी सदस्यहरुमा यहि अनुरोध गरियो। |
| २१. | ब्याजदर र लाभांश सम्वन्धमा | बालकृष्ण अधिकारी | बचतमा ब्याजदर कम हुदै गयो र लाभांश पनि पाईएन | बचतको ब्याजदर बजार दर अनुसार नै रहेको छ भने भाखा नाघेको ऋणमा सुरक्षण व्यवस्था गर्नुपरेको र सदस्यहरुको बचतलाई सुरक्षित गर्नुपरेको कारण लाभांश वितरण हुन सकेन। |
| २२. | कल्याणकारी कोष सम्वन्धमा | बालकृष्ण अधिकारी | कल्याणकारी कोषको व्यवस्थापन कसरी भईरहेको छ भन्ने विषय राख्नुभएको। | कल्याणकारी कोषलाई कल्याणकारी बचत खाताको रुपमा व्यवस्थापन गरिएको छ। जुन बचत खातामा जम्मा भएको रकममा संस्थाले ब्याज समेत प्रदान गर्दछ। |

गीता

| | | | | |
|---|---|---|---|---|
| २३. | नाफा सम्वन्धमा | बालकृष्ण अधिकारी | संस्थाको नाफा कहा देखिन्छ भनी प्रश्न राख्नुभएको | संस्थाको नाफा नाफा/नोक्सान हिसाब विवरणमा हुन्छ भनी जानकारी गराईयो । |
| २४. | शिक्षा , कार्यक्रम सम्बन्धमा | केशबराज ढकाल | शिक्षा कार्यक्रम कस्तो प्रकृतिको हो भनेर जिज्ञासा राख्नुभएको | शिक्षा कार्यक्रम सदस्यहरुलाई प्रदान गरिएको सहकारी शिक्षा, वित्तिय शिक्षा र प्रविधि साक्षरता कार्यक्रम हो । |
| २५. | प्रतिवेदन पुस्तिका सम्बन्धमा | केशबराज ढकाल | साधारण सभा प्रतिवेदन पुस्तिकाको लागतबारे जिज्ञासा राख्नुभएको | साधारण सभा प्रतिवेदन पुस्तको लागत रु.१०४/- रहेको छ जसमा भ्याट थप हुनेछ। |
| २६. | सदस्य मृत्यु राहत सम्बन्धमा | ऋषिराम पौडेल | सदस्य मृत्यु राहत कार्यक्रममा रकम थप गर्न अनुरोध गर्नुभएको । | सदस्य राहत कोष व्यवस्थापन नीति अनुसार नै व्यवस्था गरिनेछ । |
| २७. | जगेडा कोष र स्वतन्त्र जगेडा कोष सम्बन्धमा | उमा अधिकारी | पुंजी पर्याप्तता अनुपातमा जगेडा कोष र स्वतन्त्र जगेडा कोष भनेर उल्लेख भएको पाईयो । स्वतन्त्र जगेडा कोषको बारे स्पष्ट पारीदिनुहुन अनुरोध गर्नुभएको । | जगेडा कोष भनेको ऐनले व्यवस्था गरेको अनिवार्य कोष हो जसमा खुद नाफाको कम्तिमा २५ प्रतिशत छुट्याउनुपर्दछ । साथै कुनै अनुदान एवं पूंजगत लाभ पनि यस कोषमा रहन्छ । यो कोष संस्थाको अविभाज्य कोष हो भने स्वतन्त्र जगेडा भनेको स्वेच्छिक कोष हो । यो विशेष उद्देश्य प्राप्तिका लागि खडा गरिन्छ। |

गीता

आरती

**खण्ड (च) पेश भएका कागतपत्र**

| क.सं. | विवरण | पेशकर्ता | पाना संख्या | पेश गरिएको एकाइ बैठक | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | सबै | नं. | |
| १. | आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम | सञ्चालक समितिको तर्फबाट<br>**सचिव : श्री राधा ढकाल** | १७ | ✓ | | |
| २. | आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्ययोजना तथा बजेट | सञ्चालक समितिको तर्फबाट<br>**कोषाध्यक्ष : श्री मुरलीकृष्ण खनाल** | १० | ✓ | | |
| ३. | आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा। | लेखा सुपरिवेक्षण समिति<br>**संयोजक : श्री भानुभक्त ढकाल** | ५ | ✓ | | |
| ४. | आ.व. २०८१/८२ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि | लेखापरीक्षक : श्री रामहरि रौनियार मार्फत कोषाध्यक्ष : श्री मुरलीकृष्ण खनाल | ६० | ✓ | | |
| ५. | विनिय संसोधन | सञ्चालक समितिको तर्फबाट<br>**सचिव : श्री राधा ढकाल** | ३ | ✓ | | |
| ६. | आन्तरिक कार्यविधिहरु | सञ्चालक समितिको तर्फबाट<br>**सचिव : श्री राधा ढकाल** | सबै | ✓ | | |

## २. आ.व. २०८१/०८२ आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्ययोजना तथा बजेट

### आर्थिक प्रतिवेदन

आ.व. २०८१/०८२ को लागि गत साधारण सभाद्वारा नियुक्त गरिएको लेखापरीक्षक रामहरि एण्ड एसोसियटसका लेखापरीक्षक श्री रामहरि रौनियारद्धारा लेखापरीक्षण गरिएको लेखाको सारांश तपशिल अनुसार रहेको छ।

### नाफा नोक्सान हिसाब

| आम्दानी | चालु बर्ष रकम ( रु.) | गत बर्ष रकम ( रु.) |
|---|---|---|
| ब्याज आम्दानी (ऋण लगानी) | १०,०३,१८,९१५.२१ | ११,३३,८९,७६०.४३ |
| ब्याज आम्दानी ( बैंक ब्याज ) | १,०४,६६,९५२.४७ | १,३६,४५,०१९.६२ |
| हर्जना प्राप्त | ४१,८२,१७१.०० | २१,६४,१३६.९८ |
| छुट प्राप्त ( हायर पर्चेज ) | ५१७०.०० | १८,०००.०० |
| ऋण लगानीमा सेवा शुल्क | २१,२४,४०५.०० | २९,५२,७९३.०० |
| लाभांश | ० | ०.०० |
| रेमिट्यान्स कमिशन | ५,५७०.०० | २९,८९१.०६ |
| ई सेवा कमिशन | ९,४७४.४६ | ६,२९८.४७ |
| स्मार्ट बैंकिङ्ग | २,४१,४००.०० | २,१२,१९३.८६ |
| अन्य आम्दानी | ४,२४,८४२.९६ | १,९५,८३२.७९ |
| कुल आम्दानी | ११,७७,७८,९०१.१० | १३,२६,१३,९२६.२१ |
| खर्च | | |
| कर्मचारी खर्च | १,३७,३१,७८२.०० | १,३२,२५,९७२.०० |
| प्रशासनिक खर्च | ८९,२३,११६.४२ | ९१,४२,६४१.९५ |
| व्याज खर्च निक्षेपमा | ६,४३,९८,४२८.३६ | ८,२१,०३,३१६.०० |
| व्याजमा छुट | ०.०० | १२,१६,५६७.०० |
| व्याज खर्च बाह्य ऋणमा | ०.०० | ०.०० |
| मुल्य ह्रासकट्टि | २६,२६,९३२.६४ | २५,१६,१५३.७३ |
| जोखिम कोषको व्यवस्था | २,२८,६२,६२९.५६ | २,०९,८२,९९६.७२ |
| कुल खर्च | ११,२५,४२,८८८.९८ | १२,९१,८७,६४७.४० |
| खुद बचत | ५२,३६,०१२.१२ | ३४,२६,२७८.८१ |

## वासलात

| पूँजी तथा दायित्व | रकम ( रु.) | सम्पत्ति तथा जायजेथा | रकम ( रु.) |
|---|---|---|---|
| शेयर पूँजी | ८,१६,०६,१००.०० | नगद मौज्दात | १,३८,१७२.०० |
| निक्षेप संकलन | ९७,२३,९२,२३३.२५ | बैंक/वित्तिय मौज्दात | १०,७४,४६,४१४.८६ |
| जगेडा तथा अन्य कोष | १०,७०,६३,०४७.९८ | ऋण लगानी | ७३,३१,६८,८५९.६९ |
| तिर्न बांकी ऋण सापट | ०.०० | वित्तिय लगानी | २५,९७,६३,५००.०० |
| आयकर दायित्व | ०.०० | स्थिर सम्पत्ति | ३,८०,४२,६०६.२० |
| अन्य दायित्व | ३३,००,४३७.२४ | अन्य सम्पत्ति तथा पाउनुपर्ने हिसाब | २,५८,०२,२६५.७२ |
| जम्मा | १,१६,४३,६१,८१८.४७ | जम्मा | १,१६,४३,६१,८१८.४७ |

१. सदस्यता : आ.व. २०८०/०८१ मा जम्मा सदस्य संख्या १२४२७ रहेकोमा यस आ.व. २०८१/०८२ मा कुल सदस्य संख्या १२६३६ पुगेको छ। जसमा महिला सदस्य संख्या ७२२६ , पुरुष सदस्य संख्या ५४०२ र संस्थागत सदस्य संख्या ८ रहेको छ।

२. शेयर पूँजी : संस्थाको चुक्ता शेयर पूँजी २०८१ आषाढ मसान्तसम्ममा रु.१० करोड ३४ लाख ३९ हजार ९ सय रहेकोमा २०८२ आषाढ मसान्तसम्ममा जम्मा रु.८ करोड १६ लाख ६ हजार १ सय रहेको छ।

३. संस्थागत पूँजी : गत वर्ष संस्थागत पूँजीमा गणना गर्न मिल्ने कोषहरुको कुल रकम रु. ९ करोड ४० लाख ४२ हजार ६ सय ५८ रुपैया १३ पैसा रहेकोमा यस वर्ष रु. ९ करोड ४३ लाख २४ हजार १ सय ५५ रुपैया १६ पैसा रहेको छ।

४. बचत निक्षेप : सदस्यहरुले जम्मा गर्नुभएको कुल बचत निक्षेप २०८१ आषाढ मसान्तमा रु.९८ करोड ७८ लाख २८ हजार ९ सय १३ रुपैया २६ पैसा रहेकोमा यस आ.व. मा रु. २ अर्ब २३ करोड ३६ लाख २२ हजार ४ सय १८ रुपैया ३६ पैसा संकलन रु. २ अर्ब २४ करोड ९० लाख ५९ हजार ९८ रुपैया ३७ पैसा फिर्ता भई २०८२ आषाढ मसान्तसम्ममा कुल बचत निक्षेप रु. ९७ करोड २३ लाख ९२ हजार २ सय ३३ रुपैया २५ पैसा रहेको छ।

५. बाह्य ऋण : बाह्य ऋण नलिएकोले बाह्य ऋण शुन्य रहेको छ।

६. तरलता अनुपात : आ.व. २०८०/०८१ को अन्तमा संस्थाको तरलता (नगद र बैंक) रकम रु. रु. १७ करोड ४६ लाख ९४ हजार ३ सय ८७ रुपैया ५३ पैसा रहेकोमा यस आ.व.को अन्तमा उक्त रकम रु. ३३ करोड २५ लाख ८४ हजार ५ सय ८६ रुपैया ८६ पैसा कायम भएको छ। कुल बचत निक्षेपको तुलनामा संस्थाको तरलता अनुपात ३४.२० प्रतिशत रहेको छ।

७. लगानी : संस्थाले विभिन्न संघ तथा संस्थाहरुमा आ.व. २०८०/०८१ मा रु. १५ करोड ५५ लाख ८८ हजार ७ सय ९४ रुपैया ६३ पैसा लगानी गरेकोमा यस आ.व. मा रु. २५ करोड लगानीमा रहेको छ।

८. ऋण लगानी : २०८१ आषाढ मसान्तमा कुल ऋण लगानी रु. ८५ करोड ५९ लाख २३ हजार ४ सय ८० रुपैया ५० पैसा रहेकोमा आ.व. २०८१/०८२ मा कुल ऋण लगानी रु. ६७ करोड ७३ लाख ६७ हजार १ सय ४३ रुपैया १४ पैसा र ऋण असुली रु. ७४ करोड ३९ लाख ६१ हजार ६ सय १ रुपैया ६८ पैसा गरी आषाढ मसान्तमा कुल लगानीमा रहेको ऋण रु. ७८ करोड ९३ लाख २९ हजार २१ रुपैया ९६ पैसा रहेको छ।

९. भाखा नाघेको ऋण र ऋण जोखिम कोषको व्यवस्था : २०८२ आषाढ मसान्तमा संस्थाको कुल ऋण लगानी रु. ७८,९३,२९,०२१।९६ मा भाखा नाघेको ऋण र त्यसमा जोखिम कोषको व्यवस्था देहाय बमोजिम गरिएको छ।

| विवरण | ऋण रकम (रु.) | सुरक्षण रकम (रु.) |
|---|---|---|
| सकृय ऋण | ७२,५८,६४,९७९.८९ | ७२,५८,६४९.८० |
| कमसल ऋण | ८९,१८,५५९.०० | २२,२९,६३९.७५ |
| संकास्पद ऋण | ३,१४,४५,७२९.५८ | १,५७,२२,८६४.७९ |
| खराब ऋण | २,३०,९९,७५३.४९ | २,३०,९९,७५३.४९ |
| **जम्मा ऋण र सुरक्षण** | **७८,९३,२९,०२१.९६** | **४,८३,१०,९०७.८३** |
| गैर बैंकिङ सम्पत्ति | १,३६,५१,५००.०० | १,३६,५१,५००.०० |
| **जम्मा सुरक्षण कोष रकम** | | **६,१९,६२,४०७.८३** |

१०. स्थिर सम्पत्ति र ह्रास कट्टी विवरण : आ.व. २०८१/०८२ मा स्थिर सम्पत्तिको विवरण देहाय अनुसार रहेको छ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | गत आ.व. २०८०/०८१ सम्मको स्थिर सम्पत्ति | ३,४९,६०,३५८.५९ |
| २. | यस आ.व. मा थप भएको | ५७,०९,१८०.२५ |
| ३. | यस आ.व. मा अपलेखन गरिएको | ० |
| ४. | जम्मा स्थिर सम्पत्ति | ४,०६,६९,५३८.८४ |
| ५. | ह्रास कट्टी | (२६,२६,९३२.६४) |
| **६.** | **बाँकी मुल्य** | **३,८०,४२,६०६.२०** |

११. आय-व्यय हिसाब :आ.व. २०८१/०८२ मा कुल आम्दानी रु. ११,७७,७८,९०१.१० र खर्च रु. ८,९६,८०,२५९।४२ भई सञ्चालन मुनाफा रु. २,८०,९८,६४१।६८ भएको छ। भने ऋण सुरक्षण कोषमा रु. २,२८,६२,६२९.५६ खर्च लेख्दा रु. ५२,३६,०१२.१२ मुनाफा भएको छ।

१२. राजस्वमा योगदान : यस संस्थाले आ.व. २०८१/०८२ मा विभिन्न शीर्षक अन्तर्गत तपशिल अनुसार स्थानीय तह र आन्तरिक राजस्व कार्यालय परासीमा कर दाखिला गरेको छ।

| क्र.सं. | शीर्षक | रकम (रु.) |
|---|---|---|
| १. | आयकर | २३,२६,५०२.०७ |
| २. | लाभांश कर | ०.०० |
| ३. | ब्याजकर | ३८,६३,९०५.६५ |
| ४. | अन्य लगानीको आयकर (संरक्षित पूंजी फिर्ता) | ०.०० |
| ५. | घर बहाल कर | ४६,८६०.०० |
| ६. | बहाल कर | २३,०४२.०० |
| ७. | पारिश्रमिक आयकर | ६९,६८१.०० |
| ८. | स्रोतमा करकट्टी | ३,२८,४१८.०० |
| ९. | आकष्मिक लाभकर | १३,६६७.०० |
| १०. | व्यवसायिक कर | १८,७५०.०० |
| ११. | सामाजिक पारिश्रमिक कर | १४,२६३.०० |
| | **जम्मा** | ६७,०५,०८८.७२ |

वित्तिय संस्थाको स्वस्थतालाई मापन गर्न अन्तर्राष्ट्रिय PEARLS अनुगमन प्रणाली अनुसार हेरिन्छ । उक्त प्रणाली अनुसार यस संस्थाको वर्तमान आर्थिक सूचकाङ्कको अवस्था निम्नानुसारको छ ।

| P-E-A-R-L-S RATIO (पर्ल्स अनुपात) | | | Goals लक्ष्य | अवस्था (%) |
|---|---|---|---|---|
| | | **PERFORMING LOAN** | | |
| P | | भाखा ननाघेको असल ऋणको लागि व्यवस्था | १% | १% |
| | | १ महिना देखि ३ महिना सम्म भाखा नाघेको ऋणको लागि व्यवस्था | १% | १% |
| | | **NON-PERFORMING LOAN** | | |
| | | ३ महिना देखि ६ महिना सम्म भाखा नाघेको ऋणको लागि व्यवस्था | २५% | २५% |
| | | ६ महिना देखि १२ महिना सम्म भाखा नाघेको ऋणको लागि व्यवस्था | ५०% | ५०% |
| | | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | १००% |
| | | **EFFECTIVE FINANCIAL STRUCTURE ( प्रभावकारी वित्तीय संरचना )** | | |
| E | E1 | लगानीमा रहेको खुद ऋण / कुल सम्पत्ति | ७० देखि ८० % | ६२.९६ % |
| | E5 | बचत निक्षेप / कुल सम्पत्ति | ७० देखि ८० % | ८३.५१ % |
| | E6 | वाह्य ऋण / कुल सम्पत्ति | बढीमा ५% | ० % |
| | E7 | सदस्यको शेयर पूँजी / कुल सम्पत्ति | १० देखि २० % | ७.०१ % |
| | E9 | सँस्थागत पूँजी/कुल सम्पत्ति | कम्तीमा १० % | ८.१ % |
| | | **ASSETS QUALITY(सम्पतिको गुणस्तर)** | | |
| A | A1 | भाखा नाघेको ऋण/कुल लगानीमा रहेको ऋण | ५ % भन्दा कम | ८.०४ % |
| | A2 | आय आर्जन नगर्ने सम्पति /कुल सम्पति | ५ % भन्दा कम | ५.९६ % |
| | A3 | खुद लागत रहित कोष/आय आर्जन नगर्ने सम्पत्ति | २०० % वा सो भन्दा बढी | ३१३.९९ % |
| | | **RATES OF RETURN AND COSTS ( लगानिको प्रतिफल तथा लागत)** | | |
| R | R1 | कुल ब्याज आम्दानी/औषत ऋण लगानी | ब्याज दर | ११.६६ % |
| | R5 | बचतमा व्याज खर्च/औषत बचत निक्षेप | बजार दर | ६.५७ % |
| | R6 | बाह्य ऋणमा ब्याज खर्च/औषत बाह्य ऋण | बजार दर | ० % |

| | | | | |
|---|---|---|---|---|
| | R7 | शेयर लाभांश रकम/औषत शेयर पूंजी | वढीमा १५ % | ० % |
| | R9 | संचालन खर्च /औषत सम्पत्ति | ५ % भन्दा कम | २.१४ % |
| | R12 | खुद आय/औषत सम्पत्ति | कम्तिमा १० % | ०.४३ % |
| **LIQUIDITY (तरलता)** | | | | |
| L | L1 | तरल सम्पत्ति / कुल बचत निक्षेप | न्यूनतम १५ % | ३४.२० % |
| | L3 | आर्जन नगर्ने तरल सम्पत्ति /कुल सम्पत्ति | बढिमा १ % | ०.०१ % |
| SIGNS OF GROWTH ( वृद्धीको संकेत ) | | | | |
| S | S10 | सदस्यता बृद्धि | कम्तिमा १२ प्रतिशत | १.६८ % |
| | S11 | कुल सम्पत्तिमा बृद्धि | कम्तिमा मुद्रास्फितिको दर | (२.२५ %) |

नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन तथा मापदण्डका आधारमा संस्थाले गणना गर्नुपर्ने पूंजी प्रयाप्तताको गणना यस प्रकार रहेको छ।

**पूंजीकोष तालिका**
**२०८२ आषाढ मसान्त**

| विवरण | चालु अवधि |
|---|---|
| **(क) प्राथमिक पूंजी (Core Capital)** | **१७,५९,३०,२५५.१६** |
| १. शेयर पूंजी | ८,१६,०६,१००.०० |
| २. जगेडा कोष | ९,४२,४५,८३७.४३ |
| ३. घाटापूर्ति कोष | ७८,३१७.७३ |
| ४. सञ्चित नाफा/नोक्सानी | – |
| **(ख) पूरक पूंजी (Supplimentary Capital)** | **२,१६,३९,४६२.४९** |
| १. सक्रिय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था | ७९,८७,९६२.४९ |
| २. अतिरिक्त ऋण नोक्सानी व्यवस्था | १,३६,५१,५००.०० |
| ३. सम्पत्ति पुनर्मुल्यांकन कोष | – |
| ४. स्वतन्त्र जगेडा कोष | – |
| **(ग) जम्मा पूंजीकोष (क+ख)** | **१९,७५,६९,७१७.६५** |
| **(घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पूंजीकोष ८ प्रतिशत** | **२६.६२%** |
| **जोखिम भारित सम्पत्ति** | **७४,२१,९०,७४५.१** |

## आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेट

**२०८१ आषाढ मसान्तको अनुमानित, वास्तविक र २०८२ आषाढ मसान्तसम्मको लागि प्रस्तावित वासलातको विवरण**

**पूंजी तथा दायित्व**

| विवरण | प्रस्तावित आ.व. ०८१/०८२ | वास्तविक आ.व. ०८१/०८२ | प्रस्तावित आ.व. ०८२/०८३ |
|---|---|---|---|
| शेयर | ८,३७,००,०००.०० | ८,१६,०६,१००.०० | ९,८२,५०,०००.०० |
| जगेडा कोष | ९,९०,००,०००.०० | ९,४२,४५,८३७.४३ | १०,२१,८०,०००.०० |
| ऋण सुरक्षण कोष | ४,००,००,०००.०० | ०.०० | ४,९१,२५,०००.०० |
| अन्य कोष | १,८०,००,०००.०० | १,२८,१७,२१०.५५ | २,८८,२०,०००.०० |
| बचत निक्षेप | ८९,००,००,०००.०० | ९७,२३,९२,२३३.२५ | १,०२,१८,००,०००.०० |
| बाह्य ऋण | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी दिनुपर्ने तथा अन्य दायित्व | ३०,००,०००.०० | ३३,००,४३७.२४ | ९८,२५,०००.०० |
| **जम्मा** | १,१३,३७,००,०००.०० | १,१६,४३,६१,८१८.४७ | १,३१,००,००,०००.०० |

**सम्पत्ति तथा जायजेथा**

| विवरण | प्रस्तावित आ.व. ०८१/०८२ | वास्तविक आ.व. ०८१/०८२ | प्रस्तावित आ.व. ०८२/०८३ |
|---|---|---|---|
| नगद | ११,३३,७००.०० | १,३८,१७२.०० | १३,१०,०००.०० |
| बैंक | ११,४५,६६,३००.०० | १०,७४,४६,४१४.८६ | १९,५१,९०,०००.०० |
| आर्थिक लगानी | ७,००,००,०००.०० | २५,९७,६३,५००.०० | १०,४८,००,०००.०० |
| ऋण लगानी | ९०,००,००,०००.०० | ७३,३१,६८,८५९.६९ | ९४,३२,००,०००.०० |
| स्थिर सम्पत्ति | ३,७५,००,०००.०० | ३,८०,४२,६०६.२० | ३,९३,००,०००.०० |
| अन्य सम्पत्ति | १,०५,००,०००.०० | २,५८,०२,२६५.७२ | २,६२,००,०००.०० |
| **जम्मा** | १,१३,३७,००,०००.०० | १,१६,४३,६१,८१८.४७ | १,३१,००,००,०००.०० |

यसरी नै आ.व. २०८१/०८२ को अन्तसम्ममा यस संस्थाको कूल सम्पत्ति रु. १,१३,३७,००,०००.०० पुग्ने अनुमान गरिएकोमा अनुमानित रकममा १०२.७० प्रतिशतले उपलब्धि हासिल भई रु.१,१६,४३,६१,८१८.४७ पुगेको छ।

**आ.व.२०८१।०८२ को अनुमानित, वास्तविक र आ.व.२०८२।०८३ को लागि प्रस्तावित आम्दानी खर्चको विवरण**

**१. आम्दानी विवरण**

| शीर्षकहरु | प्रस्तावित (रु.) आ.व. २०८१/०८२ | वास्तविक (रु.) आ.व. २०८१/०८२ | प्रस्तावित (रु.) आ.व. २०८२/०८३ |
|---|---|---|---|
| **वित्तिय आम्दानी** | | | |
| **(क) ऋणबाट प्राप्त आम्दानी** | | | |
| ऋण लगानीबाट ब्याज आम्दानी | १०५,०००,०००.०० | १००,३१८,९१५.२१ | ९४,५००,०००.०० |
| हर्जना तथा जरिवाना | १,०००,०००.०० | ४,१८२,१७१.०० | १,०००,०००.०० |
| **जम्मा.** | १०६,०००,०००.०० | १०४,५०१,०८६.२१ | ९५,५००,०००.०० |

| | | | |
|---|---|---|---|
| तरल लगानीबाट प्राप्त आम्दानी | २,०००,०००.०० | १,७७३,७७२.३० | २,०००,०००.०० |
| वित्तिय लगानीबाट प्राप्त आम्दानी | ७,५००,०००.०० | ८,६९३,१८०.१७ | ३,०००,०००.०० |
| जम्मा | ९,५००,०००.०० | १०,४६६,९५२.४७ | ५,०००,०००.०० |
| वित्तिय आम्दानी जम्मा | ११५,५००,०००.०० | ११४,९६८,०३८.६८ | १००,५००,०००.०० |
| (ख) गैर वित्तिय आम्दानी | | | |
| प्रवेश शुल्क | ५०,०००.०० | ५५,५००.०० | ११५,२००.०० |
| ऋण व्यवस्थापन शुल्क | २,०००,०००.०० | २,१२४,४०५.०० | २,७५४,०००.०० |
| विप्रेषण सेवाबाट आम्दानी | ५०,०००.०० | २०,२१४.४६ | २८,०००.०० |
| मोबाईल बैंकिङ | ३००,०००.०० | २४१,४००.०० | ३००,०००.०० |
| अन्य आम्दानी | २००,०००.०० | ४२४,८४२.९६ | २००,०००.०० |
| जम्मा गैर वित्तिय आम्दानी | २,६००,०००.०० | २,८६६,३६२.४२ | ३,३९७,२००.०० |
| कुल आम्दानी | ११८,१००,०००.०० | ११७,८३४,४०१.१० | १०३,८९७,२००.०० |

२. खर्च विवरण

| शीर्षकहरु | प्रस्तावित (रु.) आ.व. २०८१/०८२ | वास्तविक (रु.) आ.व. २०८१/०८२ | प्रस्तावित (रु.) आ.व. २०८२/०८३ |
|---|---|---|---|
| (क) प्रशासनिक खर्च | | | |
| साधारण सभा खर्च | २,६३९,५८९.२३ | २,६००,५८५.२३ | १,५००,०००.०० |
| नविकरण खर्च | २००,०००.०० | ८७,१३०.०० | ३००,०००.०० |
| मसलन्द स्टेसनरी | २००,०००.०० | १९२,८६३.२५ | ४००,०००.०० |
| छपाई प्रकाशन | ३००,०००.०० | २५७,६१४.९५ | ५००,०००.०० |
| कार्यालय उपयोगिता (टेलिफोन, विधुत, खानेपानी) | ४००,०००.०० | ३९२,३१८.६० | ४५०,०००.०० |
| इन्टरनेट | ७५,०००.०० | ७३,९६०.०० | १००,०००.०० |
| सफ्टवेयर र नेटवर्किंग | १,०५०,०००.०० | १,०४९,२५०.०० | १,०००,०००.०० |
| एस एम एस तथा मोवाईल एप्स | २००,०००.०० | १२४,७४८.२७ | २००,०००.०० |
| पुरस्कार तथा सम्मान | ५०,०००.०० | २९,०१६.०० | ५०,०००.०० |
| यातायात तथा भ्रमण | ३००,०००.०० | २८४,८८३.०० | ३००,०००.०० |
| ईन्धन | १५०,०००.०० | १४७,८११.५० | २००,०००.०० |
| बैठक भत्ता | ३२५,०००.०० | २९२,०००.०० | ३५०,०००.०० |
| बिमा | ३००,०००.०० | २५२,९६६.०० | ३००,०००.०० |
| आन्तरिक लेखा परीक्षण | २००,०००.०० | २००,०००.०० | २००,०००.०० |
| बाह्य लेखा परीक्षण एन एफ आर एस सहित | ६५०,०००.०० | ३३९,०००.०० | ५००,०००.०० |
| अतिथि सत्कार | ३००,०००.०० | २९८,४२५.०० | ३००,०००.०० |
| नखप्ने सामान खरिद | ५०,०००.०० | ४५,००१.०० | १००,०००.०० |
| पत्र पत्रिका तथा सूचना | १००,०००.०० | ६१,६६२.०० | ५०,०००.०० |

| | | | |
|---|---|---|---|
| मर्मत सम्भार | २००,०००.०० | १९६,८७६.०० | २००,०००.०० |
| कार्यालय सजावट | ५०,०००.०० | ४८,३५४.०० | ५०,०००.०० |
| कार्यालय सरसफाई | २५०,०००.०० | २३६,५९१.०० | २५०,०००.०० |
| ढुवानी तथा ज्याला | ५०,०००.०० | ३५,६८४.९५ | ५०,०००.०० |
| प्रकोप,माहामारी व्यवस्थापन खर्च | २००,०००.०० | ५०,०११.३० | २००,०००.०० |
| एकीकरण खर्च | ५०,०००.०० | - | ५०,०००.०० |
| बैंक शुल्क | २५,०००.०० | ५,४४९.३८ | २५,०००.०० |
| सदस्य राहत कोष | | २२१,३००.०० | ४,०५३,४००.०० |
| विविध खर्च | १००,०००.०० | ७५,८६५.०० | १००,०००.०० |
| लिज ब्याज खर्च एन एफ आर एस समायोजन (घरभाडा) | ७००,०००.०० | ८०,८९०.९१ | १००,०००.०० |
| ह्रास खर्च | ३,०००,०००.०० | २,६२६,९३२.६४ | २,५००,०००.०० |
| **जम्मा प्रशासनिक खर्च** | **१२,११४,५८९.२३** | **१०,३०७,१८९.९८** | **१४,३७८,४००.००** |
| **(ख) कर्मचारी खर्च** | | | |
| तलब भत्ता | ११,०००,०००.०० | १०,४३८,४५५.०० | ११,०००,०००.०० |
| सामाजिक सुरक्षा कोष | १,८५०,०००.०० | १,६७८,८५८.०० | १,८००,०००.०० |
| चाडपर्व खर्च | ८९४,८३९.०० | ८९४,८३९.०० | ९००,०००.०० |
| सञ्चित विदा भुक्तानी | ५००,०००.०० | ३३७,३१७.०० | ५००,०००.०० |
| पोषाक | ३२५,२५०.०० | ३२५,२५०.०० | ३५०,०००.०० |
| प्रशिक्षार्थी | | ५७,०६३.०० | १५०,०००.०० |
| **जम्मा कर्मचारी खर्च** | **१४,५७०,०८९.००** | **१३,७३१,७८२.००** | **१४,७००,०००.००** |
| **(ग) कार्यक्रम खर्च** | | | |
| तालिम तथा शिक्षा | ८७५,०००.०० | ४२६,२४९.०० | ८७५,०००.०० |
| योजना निर्माण एवं समिक्षा | ५००,०००.०० | ४६१,१५०.०० | ५०,०००.०० |
| वृत्तचित्र | १००,०००.०० | - | १००,०००.०० |
| सहकारी दिवस | २५,०००.०० | ६,५६५.०० | २५,०००.०० |
| स्थापना दिवस | ५०,०००.०० | ४९,२९५.०० | ५०,०००.०० |
| पाल्म वर्कशप (एक्सेस) | १०५,०००.०० | १०५,०००.०० | १००,०००.०० |
| प्रवर्द्धनात्मक कार्यक्रम | २००,०००.०० | १९४,६००.०८ | ३००,०००.०० |
| **जम्मा कार्यक्रमिक खर्च** | **१,८५५,०००.००** | **१,२४२,८५९.०८** | **१,५००,०००.००** |
| **(घ) वित्तिय खर्च** | | | |
| बचतमा ब्याज | ६४,०००,०००.०० | ६४,३९८,४२८.३६ | ४३,०००,०००.०० |
| वाह्य ऋणमा ब्याज | - | - | - |
| बाह्य ऋणमा सेवा शुल्क | - | - | - |
| ब्याजमा छुट | - | - | - |
| **जम्मा वित्तिय खर्च** | **६४,०००,०००.००** | **६४,३९८,४२८.३६** | **४३,०००,०००.००** |

| | | | |
|---|---|---|---|
| (ङ) सुरक्षण खर्च | ३,०००,०००.०० | २२,८६२,६२९.५६ | ३,०००,०००.०० |
| (च) ऋण अपलेखन खर्च | - | - | - |
| कुल खर्च | ९५,५३९,६७८.२३ | ११२,५४२,८८८.९८ | ७६,५७८,४००.०० |
| ३. नाफा नोक्सान हिसाब | | | |
| कुल आम्दानी | ११८,१००,०००.०० | ११७,८३४,४०१.१० | १०३,८९७,२००.०० |
| कुल खर्च | ९५,५३९,६७८.२३ | ११२,५४२,८८८.९८ | ७६,५७८,४००.०० |
| खुद नाफा नोक्सान | २२,५६०,३२१.७७ | ५,२९१,५१२.१२ | २७,३१८,८००.०० |

यस अवधिमा अनुमानित आम्दानी/खर्च र वास्तविक आम्दानी/खर्चको विश्लेषण गर्दा आम्दानीतर्फ अनुमान गरेकोमा करिब ९९.७७ प्रतिशतले लक्ष्य हासिल भएको छ भने खर्चतर्फ १७.७९ प्रतिशतले बढी खर्च भएको छ। त्यसैगरी भने खुद बचत तर्फ अनुमानितमा २३.४५ प्रतिशतले उपलब्धि हासिल भएको छ।

## कर्मचारी खर्च तर्फ बजेट बितरण :

कुल सञ्चालन खर्चको ५०.५ प्रतिशत बजेट कर्मचारी खर्च तर्फ छुट्याइएको छ। यस शीर्षक अन्तर्गत जम्मा रु. १,४७,००,००० बजेट विनियोजन गरिएको छ। कर्मचारीहरुको सेवा सुविधा निम्नानुसार निर्धारण गरिएको छ।

| क्र.सं. | तह | आधार तलबमान | भत्ता | जम्मा | ग्रेड संख्या |
|---|---|---|---|---|---|
| १. | दशौं | ५७,०००/- | ५,०००/- | ६२,०००/- | ४ |
| २. | छैटौं | ४३,७००/- | — | ४३,७००/- | ३ |
| ३. | पांचौं | ३५,०००/- | — | ३५,०००/- | ६ |
| ४. | चौथो | ३३,०००/- | — | ३३,०००/- | ३ |
| ५. | तेस्रो | २७,७००/- | — | २७,७००/- | ३ |
| ६. | दोस्रो | २६,०००/- | — | २६,०००/- | ३ |
| ७. | पहिलो | २४,५००/- | — | २४,५००/- | ९ |
| | | १५,००० /- | १०,०००/- | २५,०००/- | २ |
| ८. | तह विहिन नियमित | १७,००० /- | ३,०००/- | २०,०००/- | ७ |
| | तह विहिन नियमित | १५,००० /- | ४,५५०/- | १९,५५०/- | ४ |
| ९. | तह विहिन कार्यगत (बजार प्रधिनिधि) | १२१७०/- | ७३८०/- | १९,५५०/- | ० |
| १०. | सेक्युरीटि गार्ड कार्यगत | १७,००० /- | ३,०००/- | २०,०००/- | ० |

(क) सम्पूर्ण नियमित कर्मचारीहरुको लागि ग्रेड सहितको मासिक तलवमानको २० प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा योगदान हुने व्यवस्था गरिएको छ र उक्त रकममा कर्मचारीको तर्फबाट ११ प्रतिशत थप गरी कुल ३१ प्रतिशत रकम मासिक रुपमा नेपाल सरकारको मातहतमा रहेको सामाजिक सुरक्षा कोषको कार्यालयमा जम्मा गरिनेछ।

(ख) संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको लागि एक महिनाको ग्रेड सहितको तलबमान बराबर पर्व खर्च उपलब्ध गराईनेछ।

(ग) संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको लागि वार्षिक रुपमा रु.१०,००० पोषाक भत्ता उपलब्ध गराईनेछ।

(घ) मानव संसाधन व्यवस्थापन नीति अनुसार वार्षिक रुपमा उलब्ध गराईने बिदाबाट खर्च गरी बाँकी रहेको बिदा बापतको रकम वार्षिक रुपमा खर्च लेखि बिदाको रकम सञ्चित कोषमा जम्मा गरिनेछ।

(ङ) ग्रेडको हिसाब : एक ग्रेड बराबर एक दिनको तलब बराबर हुनेछ। आधार तलबलाई ३० दिनले भाग गरि ग्रेड निर्धारण गरिनेछ।

## पूंजीगत खर्च

| शीर्षक | प्रस्तावित (रु.) आ.व.२०८१/०८२ | वास्तविक ( रु.) आ.व.२०८१/०८२ | प्रस्तावित (रु.) आ.व.२०८२/०८३ |
|---|---|---|---|
| फर्निचर तथा कार्यालय उपकरण | २०,००,०००.०० | ६,०८,२२९.४९ | १५,००,०००.०० |
| सेफ/भल्ट | ५,००,०००.०० | ०.०० | ०.०० |
| जग्गा/भवन | ६५,००,०००.०० | ०.०० | ०.०० |
| सवारी साधन | ०.०० | ०.०० | ०.०० |
| सफ्टवेयर | १०,००,०००.०० | ५,६५,०००.०० | १०,००,०००.०० |
| उपयोग अधिकार सम्पत्ति | ०.०० | ५,८८,६००.०० | ५,५०,०००.०० |
| अन्य | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| जम्मा | १,०५,००,०००.०० | १७,६१,८२९.४९ | ३५,५०,०००.०० |

**कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

- देशको राजनैतिक वातावरण र त्यसले असर पुऱ्याउने आर्थिक कारोवारको अवस्था,
- विगत केही समयदेखि वित्तीय क्षेत्रमा देखिएको तरलताको उतार-चढावका कारण मुलुकको आर्थिक सामाजिक क्रियाकलापमा पर्न सक्ने असरहरु,
- वित्तीय क्षेत्रमा देखिएको तरलताको उतार-चढावका कारण वचत तथा ऋण लगानीको व्याजदरमा अस्वस्थ प्रतिस्पर्धाबाट पर्न सक्ने असरहरु,
- घरजग्गा तथा पुँजी वजारमा देखिएको मन्दिको कारण पर्न सक्ने असरहरु,
- नेपाल राष्ट्र बैंक, राष्ट्रियस सहकारी नियमन प्राधिकरण एवं सहकारी विभागले बैंक तथा वित्तीय संस्था एवं सहकारी सम्वन्धी नीति तथा निर्देशनमा परिवर्तन गर्दा पर्न सक्ने असरहरु,
- संस्थावाट प्रदान गरेको ऋणहरु समयमा भुक्तानी नहुँदा पर्न सक्ने असरहरु,
- वजारमा हाल सञ्चालित तथा नयाँ प्रवेश हुने वित्तीय संस्थाहरु र यिनीहरुबाट हुने प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा हुने शिथिलता एवं मन्दीका कारण हुन सक्ने असरहरु,

यी कारणहरुवाट संस्थालाई पर्न सक्ने जोखिम तथा वित्तीय उपलब्धि प्राप्तिका लागि संस्थाबाट आवश्यक सम्भावित नोक्सानीको व्यवस्था गर्नका साथै सुरक्षित लगानीका विभिन्न अवसरहरुको पहिचान गर्न र सम्भावित हानि-नोक्सानी हुन नदिन तथा जोखिम न्यून गर्न सजग रहने प्रतिवद्धता व्यक्त गर्दछौं।

## १. आ.व. २०८१/८२ को प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम

आ.व. २०८१/०८२ मा प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमको उपलब्धिहरु निम्नानुसार रहेको छ।

### नियमित कार्यसम्पादन

यस संस्थाको यस अवधिमा गत वर्षको साधारण सभाले निर्देशन गरेको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा १५ पटक सञ्चालक समितिको बैठक सम्पन्न भएको साथै सोही अवधिमा लेखा तथा सुपरिवेक्षण समिति, अन्य उप-समिति र कर्मचारीसंग पनि पटक-पटक बैठकहरु औपचारिक तथा अनौपचारिक रुपमा सम्पन्न भएका छन्।

### सदस्यता

अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त एवं सहकारी ऐनको परिधिभित्र रहेर यस वर्षभरि नै सदस्यता खुल्ला राखिएको जसको फलस्वरुप सदस्यता वृद्धि भई आ.व. २०८१/०८२ को वर्षान्तसम्म जम्मा १२,६३६ जना कुल शेयर सदस्य संख्या पुगिसकेको छ।

### बचत संकलन तथा ऋण परिचालन

१. संस्थाले सञ्चालन गरेको विभिन्न बचत कार्यक्रमहरुमा सदस्यज्यूहरुको सहभागिताका कारण यस अवधिमा बचत संकलन ९७ करोड २३ लाख ९२ हजार २ सय ३३ रुपैंया २५ पैसा पुगेको छ। जुन रकम गत वर्षको तुलनामा ०.०१% ले कमि भएको छ।

२. संस्थाले यस आ.व.मा जम्मा ७८ करोड ९३ लाख २९ हजार २१ रुपैंया ९६ पैसा ऋण लगानी गरेको छ। जुन रकम गत वर्षको तुलनामा ७.७८ % ले कमि भएको छ। लगानीका क्रममा ऋण लगानी गर्नु पूर्व उच्च सावधानी र सुरक्षणमा विशेष जोड दिइएको छ।

### एकीकृत क्रियाकलाप

१. रेडक्रस परासीको प्राविधिक सहयोगमा ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा केन्द्रिय कार्यालय जिमिरेभारमा रक्तदान कार्यक्रम सम्पन्न गरियो।

२. संस्थाको स्थापना दिवसको अवसरमा बृक्षारोपण र गरिब जेहेन्दार विधार्थीहरुको लागि स्टेशनरी लगायतका सामाग्री वितरण गर्ने कार्यक्रम सम्पन्न गरिएको छ।

### कार्यसम्पादन विधि

१. सञ्चालक समितिको हरेक महिना बस्ने नियमित बैठकमा व्यवस्थापनको तर्फबाट अघिल्लो मसान्तसम्मको **PEARLS** विश्लेषण, Aging Loan Reports, वासलात र नाफा नोक्सानको विवरणसहितको प्रतिवेदन सञ्चालक समितिसमक्ष प्रस्तुत गर्ने गरिन्छ भने सोही प्रतिवेदनका आधारमा व्यवस्थापनलाई आवश्यक सुझाव तथा निर्देशन दिने गरिएको छ।

२. सेवा केन्द्र स्तरमा हुने कार्यक्रमको लागि सेवा केन्द्र व्यवस्थापन उप समितिको निर्णय र सल्लाहका आधारमा मात्र कार्य सम्पादन गर्ने परिपाटी रहेको छ। निर्णय प्रक्रिया शुरुदेखि अन्त्यसम्म विभिन्न तहमा सबै समिति तथा उप-समितिहरु संलग्न हुने प्रक्रिया अवलम्बन गरिएको छ।

३. कार्य सम्पादनलाई थप व्यवस्थित, चुस्त दुरुस्त गराउने क्रममा वार्षिक वित्तीय उपलब्धीको लागि व्यवस्थापनलाई लक्ष्य किटान गर्ने र सोही अनुसार विभागीय प्रमुख एवं सेवा केन्द्रहरुलाई पनि उच्च व्यवस्थापनबाट लक्ष्य किटान गर्ने, मासिक

रुपमा उच्च व्यवस्थापनलाई प्रगति विवरण प्रस्तुत गर्ने र उपलब्धीको बारेमा समिक्षा गर्ने तथा रणनीति बनाई कार्य गर्ने गरिएको छ।

## सामाजिक सुरक्षा

१. संस्थाका शेयर सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई सहयोग स्वरुप किरिया खर्च वापत उपलब्ध गराउदै आएको रकम यस अवधिमा ९ जना शेयर सदस्यका परिवारलाई यो रकम सदस्यको मृत्यु भएको मितिले १३ दिनभित्र घरमा नै पुगी प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| १. पार्वती कुमारी चौधरी | २. पबित्रा सापकोटा | ३. घिसियान कहर |
| ४. सरस्वती तिवारी | ५. गंगादेवी चौधरी | ६. थानेश्वर पाण्डे |
| ७. शान्ति थरुनी | ८. पबित्रा देवी नेपाली | ९. धनन्जय ज्ञवाली |

२. गत साधारण सभाले पास गरेको सदस्य दीर्घरोग राहत कार्यक्रम अन्तर्गत यस वर्ष ५ जना सदस्यहरुलाई यो राहत रकम ( रु.५०,०००/- का दरले) सदस्यको घरमा नै पुगी प्रदान गरिएको छ।

१. कालि कुमारी थापा बर्दघाट १५
२. सरस्वती आचार्य बर्दघाट ४
३. खगिसरा भण्डारी बर्दघाट ४
४. लक्ष्मीदेवी भण्डारी बर्दघाट ७
५. देउ बहादुर फगामी बर्दघाट ५

३. त्यस्तैगरि संस्थाको महिला उप समितिको संयोजनमा सचेत महिला समूहबाट संस्थाको महिला शेयर सदस्य सुत्केरी भएको अवस्थामा सुत्केरी भेटघाट गर्ने गरिएको छ।

## निरन्तर शिक्षा एवम् सचेतना

१. संस्थागत गतिविधीका बारेमा जानकारी गराउने उद्देश्यले शिक्षा उप समितिको अगुवाईमा कार्यक्षेत्र भित्र ३६९ जना शेयर सदस्यहरुलाई सहकारी शिक्षा एवं वित्तीय साक्षरता प्रदान गरिनुका साथसाथै प्रविधि साक्षरताको कार्यक्रम पनि सञ्चालन गरियो।

२. यसै गरी सदस्यहरुलाई विभिन्न माध्यमबाट संस्थागत जानकारी मार्फत सुसूचित गराउने क्रममा इन्टरनेट मार्फत संस्थाको छुट्टै वेबसाईट, बअभदययप साइटमा संस्थाको स्थायी स्तम्भको व्यवस्था गरी संस्थागत सूचना सदस्यसम्म पुऱ्याउने प्रयासलाई निरन्तरता दिईएको छ।

३. अनौपचारिक शिक्षा कार्यक्रमलाई वित्तीय साक्षरता तथा प्रविधि साक्षरतासँग अन्तरनिहित बनाई अगाडि बढाउने कार्यको थालनी गरिएको छ।

## सहकारी ऐन र नियमन

१. सहकारी नीति अनुसार रु. १० लाख भन्दा माथिको ऋण लगानी गर्दा संस्थागत धितो मूल्यांकनकर्ताद्धारा गर्ने गरिएको छ। संस्थागत धितो मूल्यांकनकर्ता छनौट गर्दा पारदर्शी ढङ्गबाट प्रक्रियागत तवरले गरिएको छ। हाल संस्थागत धितो मूल्यांकन एन एस इन्जिनियरिङ्ग बर्दघाट-४, मेटिटो कन्सलटेन्ट एण्ड कन्स्ट्रक्सन प्रा. लि. बर्दघाट -२ र तिरुपति मल्टिकन्सल्ट इन्जिनियरिङ्ग बर्दघाट-१४ बाट गर्ने गरिएको छ।

२. नियामक निकाय मार्फत समय समयमा संस्थाको स्थलगत तथा गैर स्थलगत निरीक्षणको क्रममा दिइएका सुझावहरुलाई सहकारीको मर्म र भावना अनुसार परिमार्जन तथा सुधार गरिएको छ भने नियमित रुपमा सम्बन्धित ठाउँमा विवरण पेस गर्ने गरिएको छ।

## कार्यालय व्यवस्थापन

१. सदस्यका सकारात्मक सुझाव एवं सल्लाहहरु संस्थाको लागि अमूल्य सम्पत्ति हुन् भन्ने संस्थागत बुझाईका साथ सुझाव एवं सल्लाह तथा गुनासोलाई प्रत्यक्षरुपमा छिटो छरितो तवरले सम्बोधन गर्ने गरी संस्थामा सुझाव पुस्तिका र सुझाव पेटिका राखिएको र त्यहाँ व्यक्त भएका भावनालाई सञ्चालक समितिको बैठकमा सुरु प्रवेश गराई तुरुन्त सम्बोधन गर्ने गरिएको छ।

२. यसै गरी संस्थाबाट प्रदान गरिने सेवाहरुलाई सदस्यसम्म सर्वसुलभ रुपमा सहज तवरले पुऱ्याउने कार्य अनुरुप कार्यालयमा सदस्यको उपस्थितिलाई सजिलो बनाउने क्रममा मौजुदा कार्यालयको व्यवस्थापन गर्दै लगिएको छ।

३. आवश्यकता अनुसार कार्यालयलाई छिटो, छरितो, भरपर्दो र गुणस्तरीय बनाउन आवश्यक समाग्रीहरु सफ्टवेयर सहितको कम्प्यूटर, फोटोकपी मेशीन, प्रिन्टर, क्यामरा, ब्याकअप हार्ड डिक्स, प्रोजेक्टर आदिको व्यवस्था गरिएको छ।

४. संस्थाले वर्दघाट-७ जिमिरेभार स्थित केन्द्रिय कार्यालय आफ्नै सुविधा सम्पन्न भवन र सेवा केन्द्रहरु : वाल्मिकी सेवा केन्द्र प्रतापपुर-२, गोपिगञ्ज आफ्नै सुविधा सम्पन्न भवन, वर्दघाट सेवा केन्द्र, वर्दघाट-४ भाडाको भवन, स्वर्णिम सेवा केन्द्र वर्दघाट-९ भाडाको भवन, दाउन्नेदेवी सेवाकेन्द्र बर्दघाट-१६ भाडाको भवन र उदय मिरमिरे सेवा केन्द्र बर्दघाट-१३ आफ्नै भवन गरी ६ ठाउंवाट सदस्यहरुलाई सेवा प्रदान गर्दै आईरहेको छ।

## पुरस्कार तथा प्रोत्साहन

१. लामो इतिहास बोकेको नेपालको सहकारी अभियानले राजनैतिक परिवर्तन र सहकारी ऐनको जारीपछि गति लिएको देखिन्छ। सङ्ख्यात्मक रुपमा सहकारीको विकास भए पनि गुणात्मक विकास, प्रभावकारी सेवा, पारदर्शी व्यवस्थापन र दरिलो वित्तीय संरचनाका बारेमा भने धेरै प्रश्न उठ्ने गर्दछन्। यी र यस्तै विविध सरोकारवाला पक्ष सकारात्मक भएका कारण संस्थाले विभिन्न समयमा देहाय बमोजिमको पुरस्कार तथा सम्मान प्राप्त गर्न सफल भएको छ।

| क्र.सं. | पुरस्कार तथा सम्मान | प्रदान गरेको निकाय |
|---|---|---|
| १. | नेपालको सर्वोत्कृष्ट साकोस २०७९ | नेफ्स्कून |
| २. | प्रदेश नं. ५ को उत्कृष्ट साकोस २०७४ | नेफ्स्कून |
| ३. | साकोस एकीकरण अभियानमा उत्कृष्ट २०८० | नेफ्स्कून |
| ४. | प्रदेश नं. ५ को उत्कृष्ट सहकारी २०७५ | राष्ट्रिय सहकारी बैंक |
| ५. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ | राष्ट्रिय सहकारी संघ लि. नेपाल |
| ६. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ | जिल्ला सहकारी संघ लि. नवलपरासी |
| ७. | लुम्बिनी प्रदेश उत्कृष्ट व्यवस्थापक २०७८ | नेफ्स्कून |

## प्रकाशन

१. संस्थाका विभिन्न सेवा सुविधा एवं कार्यक्रमहरुको बारेमा जानकारी दिने उद्देश्यले संक्षिप्त चिनारी, भित्ते पात्रो प्रकाशन गरिएको छ।

२. सदस्यहरुमाझ बचत र ऋणका सेवाहरुको ब्याजदर, ऋण लगानी प्रक्रिया, सदस्य प्राप्त गर्ने प्रक्रिया आदिको वारेमा जानकारी प्राप्त गर्न कार्यालयमा फ्लेक्स सूचना प्रणाली निर्माण गरि राखिएको छ।

३. संस्थाको पहिचान सहितको टि-सर्ट, डायरी, झोला जस्ता प्रवर्धनात्मक सामाग्रीको प्रकाशन गरिएको छ।

### सम्भाव्य लगानीका अवसर

सदस्यहरुको आय वृद्धिका लागि विभिन्न किसिमका नयाँ-नयाँ लगानीका सम्भावना एवं सीपहरुको खोजी गर्ने क्रममा राष्ट्रिय स्तरसम्म यस वर्ष सम्पर्क र समन्वय विस्तार गरिएको छ। देश भित्रका यस प्रकारका सेवा प्रदायकहरुसँग पनि निरन्तर नजिकमा रही औपचारिक तथा अनौपचारिक रुपमा छलफल अघि बढिरहेको छ।

### आन्तरिक क्षमता विकास र व्यवस्थापन

१. संस्थामा प्रत्यक्ष रुपमा संलग्न जनशक्तिको क्षमता विकास गर्दै लैजाने क्रममा सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण उप-समिति एवं कर्मचारीहरुका लागि आवश्यक अवसर/तालिम प्रदान गर्दै लगिएको छ। यस वर्ष प्रदान गरिएको अवसरहरु/तालिमहरु :

**कर्मचारी**

| क्र.सं. | नामथर | पद | कार्यक्रमको नाम | मिति | प्रदान गर्ने निकाय/संस्था |
|---|---|---|---|---|---|
| १. | विजय कुमार ज्ञवाली | स. अधिकृत | कोपोमिस आधारभुत तालिम | २०८१ चैत्र ३० देखि ३१ सम्म | सहकारी विभाग लुम्बिनी प्रदेश |
| २. | अमिर आर.सी | सहायक | कोपोमिस आधारभुत तालिम | २०८१ चैत्र ३० देखि ३१ सम्म | सहकारी विभाग लुम्बिनी प्रदेश |
| ३. | सुनिल चौधरी थारु | स. अधिकृत | ऋण व्यवस्थापन तालिम | २०८१ फाल्गुन २० देखि २१ सम्म | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ४. | सुजन गौतम | व. सहायक | ऋण व्यवस्थापन तालिम | २०८१ फाल्गुन २० देखि २१ सम्म | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |

२. संस्थामा कार्यरत कर्मचारीहरुको लागि एकदिने वित्तिय विश्लेषण तालिम प्रदान गरिएकोछ।

३. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उप समितिहरुको लागि क्षमता विकास तालिम सञ्चालन गरिएको छ।

४. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरु, विभिन्न उप समितिका सदस्यहरु र उच्च व्यवस्थापनका कर्मचारीहरुको सहभागितामा रणनीतिक व्यवसायिक योजना तर्जुमा कार्यशाला सम्पन्न गरियो।

५. संस्थाको मौजुदा व्यवस्थापकीय संरचनामा समयानुकूल परिवर्तन गरिएको छ। संस्थामा सदस्य/सेवा विभाग, बचत विभाग, ऋण विभाग र आर्थिक प्रशासन विभाग गरी ४ वटा छुट्टाछुट्टै विभागको विकास गरिएको छ। व्यवस्थापनको नियमित बैठक तथा समिक्षा, आवधिक स्वमूल्याङ्कन, व्यवसायको लक्ष्य र उपलब्धीको समिक्षा गर्ने गरिएको छ भने नियमित कर्मचारीको कार्यविवरणलाई अधावधिक गरिएको छ। व्यवस्थापकीय सूचना प्रणालीको मजबुत रुपमा विकास गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संस्था प्रतिबद्ध रहेको छ।

६. संस्थालाई नीति, विधि र प्रविधिमार्फत सञ्चालन गर्नुपर्दछ भन्ने मान्यता अनुसार नयाँ नयाँ प्रविधिको प्रयोग मार्फत सेवालाई आधुनिकीकरण गर्दै लगिएको छ भने हाल संस्थामा १९ वटा आन्तरिक कार्यविधिहरु रहेको र ती कार्यविधिमार्फत संस्था सञ्चालनमा रहेको छ।

## कर्मचारी परिचालन

१. वार्षिक लक्ष्य अनुसार सेवाकेन्द्रको व्यवसाय र सम्भाव्य बजार तथा क्षमताको आधारमा कार्यालयको न्यूनतम दिगोपनालाई मध्यनजर गर्दै आवधिक लक्ष्य प्रदान गरिएको र आवधिक रुपमा नै लक्ष्य प्राप्तिको नियमित प्रगति समीक्षा गर्ने गरिएको छ,

२. प्रत्येक कर्मचारीलाई कार्य विवरण (Job description) अनुसार लक्ष्य निर्धारण गरी जिम्मेवारी दिने गरिएको छ,

३. लक्ष्य अनुसारको उपलब्धी प्राप्त गर्न प्रभावकारी कार्यान्वयनको लागि विभागहरुलाई जिम्मेवारी र जवाफदेही बनाईएको छ,

४. नियमित रुपमा कर्मचारीको कार्य सम्पादन मूल्यांकनका आधारमा बढुवा, सरुवा तथा जिम्मेवारी हेरफेर (Job Rotation) गरी परिचालन गर्ने व्यवस्था गरिएको छ,

५. विभागीय प्रमुख एवं सेवा केन्द्र प्रमुखहरुले नियमित रुपमा कार्य प्रगतिको प्रतिवेदन प्रस्तुत गर्ने गरिएको छ,

६. कर्मचारीको सन्तुष्टि मापन गर्ने परिपाटीको विकास गरिएको छ,

७. कर्मचारीको लागि संस्थाद्धारा जारी गरिएको आचारसंहिताको पूर्ण पालना भएको छ।

## रकम रकमान्तर सेवा (मनी ट्रान्सफर)

रोजगारीको सिलसिलामा देशबाहिर जाने सदस्यले पठाउनु भएको रकमलाई संस्थामार्फत आफ्नै घर दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन Money Transfer निकायहरुसँग आवश्यक समन्वय गरी सेवालाई थप विस्तार गरिएको छ, देशभित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवस्थित गर्दै सेवाको प्रभाव क्षेत्र बढाइएको छ।

## पूँजी वृद्धि

सहकारी संस्थाको मेरुदण्ड भनेको त्यस संस्थाको पूँजी संरचना हो। सानो रकमबाट सहकारी अभियान सुरु गरिएको हाम्रो संस्थाको विगतको इतिहास रहेको छ। तर कारोबार सञ्चालनमा हुँदै गएको वृद्धिले पूँजी कोष वृद्धिमा पनि अहम् भूमिका राख्दछ। संस्थाले हर हमेसा अवलम्बन गर्दै आएको पर्ल्स (PEARLS) को न्यूनतम मापदण्ड अनुसार र हालै मात्र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड अनुसार न्यूनतम पूंजी प्रयाप्तता संस्थाको कुल पूँजी वृद्धिको अनुपातमा संस्थागत पूँजी वृद्धिको अनुपात पनि मिलेर अगाडि जानुपर्ने र यसलाई निरन्तरता दिनुपर्ने हुंदा संस्थाको मेरुदण्डको रुपमा रहेको संस्थागत पूंजी वृद्धिका लागि विशेष जोड दिईएको छ। यस वर्ष संस्थाको कुल सम्पत्तिको अनुपातमा संस्थागत पूंजी ८.१ प्रतिशत रहेको छ।

## आधारभूत भुक्तानी सेवा

सदस्यको आधुनिक प्रविधियुक्त सेवालाई सर्वसुलभ तरिकाले घरदैलोमा नै पुऱ्याउने संस्थाको प्रतिवद्धताअनुसार विधुत् बिल भुक्तानी, पानी महसुल, प्रिपेड, पोष्टपेड, ल्याण्डलाइन टेलिफोन, ADSL को रिचार्ज लगायत उपभोग्य सेवाको भुक्तानी संस्था मार्फत गराउने व्यवस्थालाई अभ्र व्यापक र व्यवस्थित बनाउँदै लगिएको छ।

## सदस्य सर्वेक्षण

संस्थाले सञ्चालनमा ल्याएका सेवाहरुको गुणस्तर,सदस्य सन्तुष्टि एवं प्रभावकारिता तथा आगामी दिनमा संस्थाले सञ्चालनमा ल्याउने कार्यक्रम तथा सेवाहरुलाई पूर्ण रुपमा सदस्यले स्वामित्व ग्रहण गर्न सकून् भन्ने उद्देश्यले सदस्यमा सर्वेक्षण गरिएको थियो। सर्वेक्षणको क्रममा सदस्यहरुबाट प्राप्त भएका सुझावलाई नीतिगत तह र व्यवस्थापन तहसँग सम्बन्धित गरी सम्बोधन गरिएको छ।

### नयाँ प्रविधियुक्त सेवा

१. नयाँ-नयाँ प्रविधि र उपकरणको प्रयोग गरि सदस्यहरुलाई प्रभावकारी र प्रविधियुक्त आधुनिक सेवा दिने उद्देश्यले बैङ्किङ्ग सफ्टवेयर जडान गरी सञ्चालनमा ल्याएको छ भने ग्रामीण वाल्मिकी एसएमएस सेवा (Gramin Balmiki SMS Service) र ग्रामीण वाल्मिकी स्मार्ट एप्स पनि सञ्चालनमा ल्याई सदस्यहरुले घरमै बसी आफ्नो मोबाइलबाट एसएमएसमार्फत आफ्नो खातामा रहेको रकमको जानकारी, खाताको संक्षिप्त विवरण, रकम जम्मा गरेको तथा निकालेको जानकारी, चेकबुक अनुरोध, मोबाइल रिचार्ज, टेलिफोन तथा एडिएसएल बिल भुक्तानी, विजुली बिल महशुल जस्ता सेवाहरु पनि घरमै बसीबसी लिन सकिने व्यवस्था मिलाईएको छ।

२. डिजिटल पासबुकको शुरुवात गरिएको छ जसबाट सम्पूर्ण खाताको विवरण प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको छ।

३. संस्थाको Gramin Balmiki Smart Banking Apps बाट नेपाल भित्रका जुनसुकै बैंकको खातामा सजिलै रकम Transfer गर्न सकिने सुविधाको पनि सुभारम्भ भैसकेको छ।

४. QR भुक्तानी सेवा र बिना चेक QR Withdrawal सुविधाको शुभारम्भ भैसकेको छ।

५. उधमी, व्यवसायी सदस्यहरुको लागि आफुले उत्पादन गरेको उत्पादित वस्तुहरु मोबाईल एपमा सूचिकृत गरी अनलाईन बिक्री गर्न सकिने व्यवस्था मिलाईएको छ।

### कर्मचारी व्यवस्थापन तथा विकास

कुनै पनि संस्थाको विकासमा त्यस संस्थाको जनशक्तिको धेरै ठुलो योगदान रहने गर्दछ तसर्थ संस्थाको दीर्घकालीन विकास तथा सफलताको लागि कुशल कर्मचारी व्यवस्थापन अपरिहार्य रहन्छ। बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको अग्रता कायम राख्नको निमित्त निरन्तर रुपमा कर्मचारीको सीप अभिवृद्धि गर्न तथा उहाँहरुको मनोबल उच्च राख्न आवश्यक भएको हुनाले विभिन्न तालिम तथा अन्य व्यावसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्था प्रयत्नशील रहेको छ। २०८२ साल आषाढ मसान्तसम्म संस्थाको व्यवस्थापन स्तरमा ३० जना कर्मचारी कार्यरत रहनुभएको छ।

### स्वमूल्याङ्कन

विगत ११ वर्षदेखि सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति र कर्मचारीहरुको नीतिगत रुपमा व्यवस्था गरी स्वमूल्याङ्कन गर्दै आइरहेको छ।

### संस्थागत सुशासन

संस्थाले सहकारी ऐन, नियमावली तथा सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण एवं नेपाल राष्ट्र बैंकको जारी पापदण्ड एवं निर्देशन, संस्थागत सुशासनसम्बन्धी व्यवस्थाको भावना र मर्म बमोजिम निर्देशनको पालना गर्दै आएको छ। आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरुले औंल्याएका कैफियत एवं सुझावहरुमाथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिने कार्यमा प्रभावकारी भूमिका खेल्दै आईरहेको छ। ऐन, नियम एवं निर्देशनअनुसार विभिन्न नियमनकारी निकायहरुमा पठाउनु पर्ने प्रतिवेदन, सूचना, जानकारीहरु यथासमयमा पठाउने गरेका छौं। संस्थालाई अझ बढि व्यवस्थित गर्न सुशासन नीति नै तयार गरी कार्यान्वयनमा ल्याएका छौं। संस्थाको नियमित कार्य सञ्चालनलाई पनि नीति, कार्यविधी, कार्यविवरण मार्फत निर्देशित गर्ने अभ्यासलाई जारी राखिएको छ

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

**परिकल्पना**

**"उत्कृष्ट, मर्यादित र दिगो वित्तीय सहकारी संस्था"**
**"Excellent, dignified & sustainable financial cooperative society"**

**ध्येय**

**"सहकारी सिद्धान्तहरुमा आधारित प्रविधिमैत्री र सन्तोषजनक वित्तिय सेवा प्रदान गरेर सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तर सुधार ल्याउने ।"**
**"To improve the economic, social and cultural living standard of members by providing technology-friendly satisfactory services based on cooperative principles."**

## संस्थाका मूख्य मुल्य मान्यताहरु ( Core Values)

| | | |
|---|---|---|
| इमान्दारिता | : | छलकपट नगरी संस्था सञ्चालन गर्ने। |
| पारदर्शिता | : | संस्थाको भित्रि अवस्था जस्तो छ बाहिर त्यस्तै देखाउने । |
| जवाफदेहिता | : | जिम्मेवारी अनुसारको राम्रो नराम्रों कामको जस अपजस लिनु । |
| समुह कार्य | : | सञ्चालक , लेखा सुपरिवेक्षण समिति, उप समिति शेयर सदस्य र ब्यवस्थापनको सामुहिक सहभागितामा संस्था सञ्चालन गर्ने । |
| ऐक्यवद्धता | : | सञ्चालक, लेखा सुपरिवेक्षण समिति, उप समिति, शेयर सदस्य र ब्यवस्थापनको बीच एक ढिक्का भएर संस्था संचालन गर्ने र एकिकृत सहकारीहरु बीच भावनात्मक एकता कायम राख्ने। |
| समय पालना | : | ठीक समयमा ठीक काम गर्ने । |
| गोपनियता | : | संस्थाका आन्तरिक सूचनाहरुलाई गोप्य राख्ने । |
| प्रतिबद्धता | : | संस्था ऐन कानुन ,विनियम तथा नीतिअनुसार सञ्चालन गर्ने कुराको यकिन गर्ने । |
| शून्य सहनसिलता | : | गलत काम प्रति शून्य सहनशिलता कायम राख्ने । |

## संस्थाका दिर्घकालिन उद्देश्यहरु

**सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन् :**

(१) संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकाश गर्ने ।

(२) बचत तथा ऋणमा विविधीकरण गर्दै सदस्यहरुलाई सर्वसुलभ एवं प्रभावकारी वित्तीय सेवा प्रदान गर्ने ।

(३) सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी आधुनिक, प्रतिस्पर्धी र गुणस्तरिय सेवा प्रदान गर्न सक्ने दक्ष जनशक्तिको रुपमा विकास गर्ने ।

(४) स्थानिय स्रोत, साधन र सिपको अधिकतम प्रयोग र प्रवर्द्धनमा जोड दिने ।

(५) सदस्यहरुका लागि सामाजिक सुरक्षासम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(६) सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुर्याउने ।

(७) सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पुँजीको उपयोग बढाउने ।

(८) संस्थागत पूंजी वृद्धि गर्दै संस्थालाई वित्तीय हिसाबले सक्षम संस्थाको रुपमा विकसित गर्ने ।

(९) भौतिक पूर्वाधारको विकास र विस्तार एवं आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गर्दै स्रोत साधनसम्पन्न संस्थाको रुपमा विकसित गर्ने ।

(१०) सहकारी शिक्षा, वित्तिय साक्षरत र चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(११) सहकारी अभियानलाई अगाडी बढाउन स्थानीय तथा राष्ट्रिय स्तरमा ऐक्यबद्धता र सहभागिता जनाउने ।

(१२) सहकारी सिद्धान्त, मुल्य मान्यता र भावनालाई आत्मसात् गर्दै सदस्यहरुमा एकता र सहयोगी भावनाको विकास गराउन पहल गर्ने ।

(१३) बचत र ऋण परिचालनको कार्यलाई छिटो छरितो भरपर्दो र अनुशासित बनाउन विभिन्न विधुतिय, गैर विधुतिय उपकरणको प्रयोगका साथै आवश्यक कार्य गर्ने ।

## नीति तथा कार्यक्रमहरु :

यस ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. विगत लामो समय देखि **PROBATION** (पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रममा) र एसियाली स्तरको एक्सेस (उत्कृष्ट सेवा तथा सुरक्षाको लागि सर्वोत्तम छनौट) व्राण्ड कार्यक्रममा सहभागी भई व्राण्ड प्राप्त गर्न सफल भएको, चार (४) वर्षे व्यवसायिक योजनाको पहिलो वर्षमा र समय समयमा सल्लाहकार, सञ्चालक समिति, उप समिति र सदस्यहरुसंग गरिएको अन्तरक्रिया, सुझाव पेटिका र सुझाव पुस्तिकामा व्यक्त गरिएका अभिव्यक्ति एवं सदस्य सर्वेक्षणको एकीकृत प्रतिवेदनको पृष्ठभूमिमा संस्थाको वार्षिक नीति तथा कार्यक्रम परिलक्षित रहेको छ । सहकारी ऐन र नियमावली, नेपाल राष्ट्र बैंकको निर्देशन तथा मापदण्ड, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड, संस्थाको विनियम एवं नीतिनियम तथा कार्यविधीहरु र सञ्चालक समितिका निर्णयहरु प्रमुख रुपमा प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमका लागी सन्दर्भसामग्रीका रुपमा आधार मानिएको छ ।

### १. सदस्यता वृद्धि :

आ. व. २०८२/०८३ मा सदस्यता विस्तारलाई अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त र सहकारी ऐनको परिधिभित्र रही खुल्ला राख्दै सदस्यता विस्तारलाई निरन्तरता दिदै यस वर्ष शेयर सदस्य १३ हजार २ सय ५४ जना पुऱ्याइनेछ । निष्क्रिय सदस्यहरुलाई सक्रिय बन्न प्रेरित गरिनेछ र प्रेरित गर्दा पनि सक्रिय नहुने सदस्यहरुलाई सदस्यताबाट हटाईनेछ ।

### २. व्यवसाय वृद्धि :

हाल वित्तिय बजारमा हाल निकै उतरचढाव रहेतापनि आ.व. २०८२/०८३ को पहिलो दोश्रो त्रैमासबाट क्रमश सुधार हुदै जाने सम्भावनालाई आँकलन गर्दै संस्थाको व्यवसायिक योजनाको निर्धारित लक्ष्य प्राप्तिका लागि व्यवसाय वृद्धि पहिलो त्रैमासमा १५ प्रतिशत, दोश्रो त्रैमासमा २५ प्रतिशत, तेश्रो त्रैमासमा ३० प्रतिशत र अन्तिम त्रैमासमा ३० प्रतिशतका दरले लक्ष्य प्राप्ति गर्ने अनुमान गरिएको छ ।

## (क) शेयर पूँजी

आ. व. २०८२/०८३ मा रु.९,८२,५०,०००/- (अक्षरुपी नौ करोड बयासी लाख पचास हजार मात्र ।) शेयर पूँजी पुऱ्याईने लक्ष्य राखिएको छ।

- संस्थामा सदस्यहरुको प्रति सदस्य शेयर पूंजी समान रु.१५,०००/- (अक्षरुपी पन्ध्र हजार मात्र ।) कायम गरिनेछ। रु.१५,०००/- भन्दा बढी हुने सदस्यको शेयर रकम बचत बचत खातामा रकमान्तर गरिनेछ भने रु.१५,०००/- नपुग्ने सदस्यहरुको शेयर रकम मासिक बचतबाट रकमान्तर गरि पूरा गरिनेछ।
- ऋण लगानी गर्दाको बखतमा औषत शेयर नपुगेको शेयर सदस्यहरुको औषत शेयर पूरा गरेर मात्र लगानी गरिनेछ। जसमा ५ लाख सम्म ऋण लगानी गर्दा रु.६,५००/-, ५ लाख देखि १० लाख सम्म ऋण लगानी गर्दा रु.१०,०००/- र सो भन्दा माथि ऋण लगानी गर्दा रु.१५,०००/- पुऱ्याइनेछ।
- शेयर फिर्ता गर्दा कुल शेयर रकममा नघट्ने गरि व्यवस्थापन गरिनेछ।

## (ख) संस्थागत पूंजी

संस्थागत पूँजी चालु आ.व.को अन्त सम्ममा कूल पूँजी तथा दायित्वको कम्तिमा ७.८ प्रतिशत कायम राख्ने लक्ष्य राखीएको छ। संस्थागत पूँजी नाफाबाट जगेडा कोषमा गएको रकम, खर्च नभएका कोषहरु रकमान्तर गरि साथै नयां सदस्यहरुबाट प्राप्त भएको प्रवेश शुल्कलाई जगेडा कोषमा सारि लक्ष्य प्राप्त गरिने छ।

## (ग) बचत निक्षेप :

- यस आ.व.मा रु. १,०२,१८,००,०००/- (अक्षरुपी एक अरब दुई करोड अठार लाख मात्र ।) बचत निक्षेप पुऱ्याउने लक्ष्य राखिएको छ।
- संस्थाले सञ्चालनमा ल्याएको बचतका प्रकारहरुमा सदस्यहरुको थप सहभागीता गराउदै अझ बढी प्रभावकारी ढङ्गबाट अगाडी बढाइनेछ।
- हाल सञ्चालनमा रहेका बचतका सेवाहरुको पुनरावलोकन गरिनेछ।
- मासिक बचतको न्यूनतम बचत दर रु.५००/- कायम गरिनेछ।

## (घ) ऋण लगानी :

- यस आ.व. मा ऋण लगानी रु. ९४,३२,००,०००/- (अक्षरुपी चौरानब्बे करोड बत्तिस लाख मात्र ) पुऱ्याउने लक्ष्य राखीएको छ।
- ऋण लगानीको अधिकतम सीमा ५० लाख रहनेछ।
- विपन्न सदस्य उत्थान कार्यक्रम अन्तर्गत कुल ऋण लगानीको ५ प्रतिशत रकम यो क्षेत्रमा लगानी गरिनेछ जसको ब्याजदर मासिक बचतको ब्याजदर सरह हुनेछ। यस कार्यक्रम अन्तर्गत बाखापालन, गाईभैंसी पालन, बंगुरपालन, अटोरिक्सा आदि रहनेछ। यस कार्यक्रम अन्तर्गत अधिकतम ऋणको सीमा प्रतिसदस्य रु. ३ लाख सम्म हुनेछ। यो ऋण सञ्चालक समितिको निर्णय पश्चात मात्र लगानी गरिनेछ।

## (ङ) कूल आम्दानी

आ.व. २०८२/०८३ मा कुल आम्दानी रु. १०,३८,९७,२००/- ( अक्षरुपी दश करोड अडतिस लाख सन्तानब्बे हजार दुई सय मात्र ।) गर्ने लक्ष्य राखीएको छ।

### (च) कुल खर्च

आ.व. २०८२/०८३ मा खर्चलाई मितव्ययीता अपनाई कूल खर्चलाई रु.७,६५,७८,४००/- (अक्षरुपी सात करोड पैंसठी लाख अठहत्तर हजार चार सय मात्र।) मा सिमित गर्ने लक्ष्य राखीएको छ।

### (छ) खुद बचत

आ.व. २०८२/०८३ मा आम्दानीबाट सवै खर्च कटाई रु. २,७३,१८,८००/- (अक्षरुपी दुई करोड तिरहत्तर लाख अठार हजार आठ मात्र।) खुद बचत गर्ने लक्ष्य राखिएको छ।

### (ज) कुल वासलात

आ. व. २०८२/०८३ को अन्त सम्ममा वासलात रु. १ अर्ब ३१ करोड पुऱ्याउने लक्ष्य राखिएको छ।

## ३. शिक्षा तथा तालिम :

- संस्थामा उपलब्ध जनशक्तिलाई अझ बढी व्यावसायिक बनाउदै व्यावसायिक संलग्नताको विकास गर्दै लगिनेछ। जसका लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।
- सदस्य, संचालक तथा कर्मचारीहरुको क्षमता वृद्धिका लागि आर्थिक वर्ष २०८२/०८३ मा तपशिलअनुसारका तालीम, अध्ययान अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ।

**क. शेयर सदस्यज्यूहरुको लागि निम्नानुसारको शिक्षा तथा तालिम सञ्चालन गरिनेछ।**

१. शेयर सदस्यहरुलाई आधारभूत वित्तिय साक्षरता तालीम प्रदान गरिनेछ। जसबाट कम्तिमा १,००० जना सदस्यले वित्तिय साक्षरता तालीम प्राप्त गर्नुहुनेछ।

२. शेयर सदस्यज्यूहरुलाई लागत सहभागितामा ३ दिन सम्मको अध्ययन अवलोकन भ्रमण गराईने छ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संघ संस्थाहरुसंग आवश्यक समन्वय गरी सदस्यहरुको लागि पेशागत सिपमा आधारित तालिम सञ्चालन गरिनेछ।

**ख. विभिन्न उप समिति लगायत सचेत महिला समूहको लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।**

**ग. सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरुका लागि निम्नानुसारको शिक्षा तथा तालिम प्रदान गरिनेछ।**

- वित्तिय प्रतिवेदन बुझाई र पर्ल्स तालिम
- कानुनी संहिता सम्वन्धी अभिमुखिकरण कार्यक्रम
- साकोस सञ्चालकहरुको क्षमता अभिवृद्धि **(CUDCC)** तालिम
- जोखिम व्यवस्थापन तालिम
- संघ संस्थाद्धारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागी
- एशियाली ऋण महासंघ वा सहकारी संग सम्बन्धित संघ संस्थाले आयोजना गर्ने फोरम तथा कार्यशाला गोष्ठीहरु एवं तालिममा सहभागिता।

**घ. कर्मचारीहरुको लागि निम्नानुसारको शिक्षा तथा तालिम प्रदान गरिनेछ।**

- ऋण व्यवस्थापन
- लेखा व्यवस्थापन
- फर्जि नोट पहिचान

१०

- जोखिम व्यवस्थापन
- साकोस व्यवस्थापकहरुको क्षमता अभिवृद्धि **(CUMCC)** तालिम
- उत्प्रेरणा सम्वन्धी अन्य तालिम
- संघ संस्थाद्धारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागी
- एशियाली ऋण महासंघ वा सहकारी संग सम्बन्धित संघ संस्थाले आयोजना गर्ने फोरम तथा कार्यशाला गोष्ठीहरु एवं तालिममा सहभागिता।

### ४. व्यवसायिक तथा उधमशीलता विकास :

- सदस्यहरुलाई सिप प्रदान गरि स्वरोजगार बनाउनका लागि सम्भाव्यता अध्ययन गरी सदस्यलाई सिपमुलक तालिम तथा उधमशिलता तालिम प्रदान गरिनेछ।
- स्थानिय तह (कार्यक्षेत्र भित्रका पालिकाहरु) संगको साझेदारीमा व्यवसायिक तथा उधमशीलता विकासका कार्यक्रमहरु अगाडी वढाउन सहकार्यको प्रयत्न गरिनेछ।

### ५. शेयर लाभाँश

सदस्यहरुलाई आगामी वर्ष भाखा नाघेको ऋणलाई सिमित गरी शेयर लाभाँश १० प्रतिशत वितरण गर्ने लक्ष्य राखिएको छ।

### ६. संरक्षित पूँजी फिर्ता कोषको व्यवस्थापन

सदस्यहरुलाई कारोवारका आधारमा यस कोषको रकम वितरण गरिने छ। ऋण कारोबारको आधारमा ६० प्रतिशत र बचत कारोबारको आधारमा ४० प्रतिशत रकम वितरण गरिनेछ।

### ७. स्थिर सम्पत्ति

स्थिर सम्पतीलाई कूल सम्पत्तिको ५ प्रतिशत भन्दा कम कायम राख्ने गरी यस आ.व. मा अति आवश्यक समानहरु मात्र खरिद गरिनेछ। कार्यालयको बढ्दै गएको कार्यभार र कार्यक्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी कार्य सम्पादन गर्नका लागि कार्यालयको भौतिक संरचना सुधार कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ भने आवश्यक फर्निचर, कार्यालय सामाग्री, कम्प्यूटर, ल्यापटप, प्रिन्टर,मोवाईल तथा ट्याव, सवारी साधन एवं अन्य उपकरणहरुको थप व्यवस्था गरिनेछ।

### ८. बाह्य ऋण

यस आर्थिक वर्षमा बाह्य ऋणको व्यवस्था गरिएको छैन तर तरलता व्यवस्थापनका लागि एवं संस्थामा सदस्यहरुको ऋण माग तथा सम्बन्धलाई बिचार गरी अन्य सम्भाव्य वित्तिय संघ संस्थाहरुबाट आवश्यकता अनुसार अनुकुल दरको ऋण लिई व्यवस्थापन गरिनेछ। बाह्य ऋण कुल सम्पतिको ५ प्रतिशत ननाघ्ने गरी व्यवस्थापन गरिने छ।

### ९. मानव संसाधन व्यवस्थापन एवं परिचालन

कुनै पनि संस्थाको विकासमा त्यस संस्थाको जनशक्तिको धेरै ठूलो योगदान रहने गर्दछ तसर्थ संस्थाको दीर्घकालीन विकास तथा सफलताको लागि कुशल कर्मचारी व्यवस्थापन अपरिहार्य रहन्छ। बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको अग्रता कायम राख्नको निमित्त निरन्तर रुपमा कर्मचारीको सीप अभिवृद्धि तथा मनोबल उच्च राख्न आवश्यक भएको हुनाले विभिन्न तालिम तथा अन्य व्यावसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्था प्रयत्नशील रहेको छ।

- कर्मचारी व्यवस्थापन गर्दा कर्मचारीको उत्पादकत्व लाई समेत ध्यानदिईने छ।

- कर्मचारीहरुको क्षमता वृद्धि गर्न विषयगत तालिमहरुमा सहभागी गराईने छ।
- कर्मचारीको कार्यसम्पादन मुल्यांकनको आधारमा प्रोत्साहन एवं हौसला प्रदान गरिनेछ।
- कर्मचारीहरुको क्षमतालाई अध्यावधिक गराई राख्न आवधिक ज्ञान सिप परीक्षा प्रणाली लागू गरिनेछ। सहकारी सम्बन्धी ऐन नियम संग सम्बन्धित ज्ञान सीप विकासको लागि स्रोत सामाग्रीहरु सबै कर्मचारीहरुमाफ शेयर गरिनेछ र हरेक ६ महिनामा त्यससंग सम्बन्धित प्रश्नावली बनाइ ज्ञान सीप जांच गरिनेछ।
- नियममित रुपमा कर्मचारीको कार्य सम्पादन मूल्यांकनका आधारमा बढुवा, सरुवा, तथा जिम्मेवारी हेरफेर गरी परिचालन गर्ने व्यवस्था गरिनेछ।
- कर्मचारीहरुको लागि संचय कोषको व्यवस्था, उपदान सुविधा र विमा सुविधा आदि नेपाल सरकारको सामाजिक सुरक्षा कोषमा आवद्ध भई सकेको हुनाले सोही बमोजिम व्यवस्थित हुनेछ।
- आवश्यकता अनुसार कर्मचारीहरु थपघट गरिनेछ।
- आवश्यकता अनुसार प्रशिक्षार्थी कर्मचारीको व्यवस्था गरिनेछ।

## १०. व्याजदर निर्धारण

सदस्यहरुलाई छिटो छरितो र स्तरिय बचत तथा ऋणका सेवा पुगोस भन्ने हेतुले व्याजदर निर्धारण गर्दा मासिक रुपमा स्थानिय तथा राष्ट्रिय वित्तिय विश्लेषणका आधारमा प्रतिस्पर्धिहरुको व्याजदर, सन्दर्भ व्याजदर तथा आधार दरलाई आधार मानी ब्याजदर समायोजन गर्दै लगिने छ।

## ११. ऋण व्यवस्थापन :

- विशेषगरि यस वर्षलाई लगानीमा रहिरहेको ऋणको अवस्था सुधारको वर्षको रुपमा अगाडी बढाईनेछ।
- सदस्यहरुको आय वृद्धिका लागि विभिन्न किसिमका व्यवसायका लागि नयां-नयँ लगानीका सम्भावनाहरुको खोजी गरिनेछ।
- ऋण लगानी प्रक्रियालाई व्यवस्था भएसम्म साख सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनेछ। यसै गरी ऋण अनुगमन प्रक्रियालाई ऋण उप समितिमार्फत अझ बढी प्रभावकारी र नियमित बनाइनेछ। यसै सन्दर्भमा पहिला ऋण लिई समयमा भुक्तानी नगर्ने सदस्यलाई पुनः ऋण माग गर्दा प्राथमिकता दिईने छैन।
- अन्तर्राष्ट्रिय सदस्य संरक्षण सिद्धान्त **(Member Protection Principle)** अनुसार ऋणी सदस्यहरुलाई संस्थागत व्यवहार गरिनेछ।
- ऋण लगानी तथा असुलीलाई प्रभावकारी बनाउनका लागी यस वर्षदेखि ऋण भुक्तानीको नियमितताका आधारमा ऋणीहरुलाई आन्तरिक वर्गीकृत गरिनेछ।
- ऋण लगानीलाई अझ वढी व्यवस्थित बनाउदै लगिनेछ।
- सबै ऋणी सदस्यहरुको फेमिली ट्री अध्यावधिक गरिनेछ।

### भाखा नाघेको ऋण व्यवस्थापन :

- नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन तथा मादण्ड अनुसार भाखा नाघेको ऋणको आधारमा तपशिल अनुसारको ऋण सुरक्षण कोषको व्यवस्था गरिने छ।

**ऋण सुरक्षण सम्वन्धि व्यवस्था :**

१. असल ऋण र भाखा नाघी ३ महिना व्यतीत नभएको ऋणमा १ प्रतिशत

२. सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋणमा १ प्रतिशत

३. कमसल ३ देखि ६ महिना सम्म भाखा नाघेका ऋणमा २५ प्रतिशत

४. शंकास्पद ६ देखि १२ महिनासम्म भाखा नाघेका ऋण ५० प्रतिशत

५. खराब १२ महिनाभन्दा बढीले भाखा नाघेका ऋणमा १०० प्रतिशत

- साथै तोकिएको समयमै ऋण असुलीका लागि ऋण ताकेता तथा अनुगमनको व्यवस्था मिलाइने छ।
- कुल ऋण लगानीमा भाखा नाघेको ऋण ५ प्रतिशत भित्र कायम गर्ने लक्ष्य राखिएको छ।

## १२. तरलता व्यवस्थापन

सदस्यहरुको आवश्यकताअनुसार जुन सुकै बेला बचत/निक्षेप फिर्ता गर्न कूल बचत रकमको १५ देखी २० प्रतिशत तरलता कायम गरिने छ। सो भन्दा तल झरेमा वाहय ऋणको व्यवस्था गरि तरलता कायम गरिने छ भने तरलता बढि भएमा आर्थिक लगानीको व्यवस्था गरिने छ।

## १३. विप्रेषण सेवा

रोजगारीको सिलसिलामा देश बाहिर जानुहुने हाम्रा सदस्य एवं समुदायका व्यक्तिहरुले पठाएको रकमलाई संस्थामार्फत नै भुक्तानी पाउने व्यवस्था मिलाउन **Money Transfer** निकायहरुसंग आवश्यक समन्वय गरी आन्तरिक तथा बाह्य रकम रकमान्तर सेवालाई कार्यान्वयनमा ल्याइसकिएकोमा सोको थप विस्तार गरी रेमिट्यान्स सेवा उपलब्ध गराइनेछ।

## १४. नीति तथा कार्यविधि

संस्थालाई नीति र विधिबाट संचालन गर्नका लागिहाल सम्म १८ वटा आन्तरिक कार्यविधि र १ वटा निर्देशिका निर्माण गरि कार्यन्वयनमा ल्याएकोमा संस्था सञ्चालनको क्रममा आवश्यक पर्ने नीति, नियम तथा कार्यविधिहरुको तय गरी परिमार्जन गर्दै लगिनेछ।

## १५. समाजिक सेवा तथा बातावरणीय कार्य (सामाजिक उत्तरदायित्व)

सहकारी समुदायमा आधारित संस्था भएकाले आमसमुदाय लाभान्वित हुने तपशिल अनुसारका सामाजीक सेवाका कार्यक्रमहरु संचालन गरिने छ।

१. रक्तदान कार्यक्रम

२. वृक्षारोपण एवं संरक्षण कार्यक्रम

३. सहकार्यका आधारमा स्वास्थ्य शिविर

४. दैवी प्रकोप सहयोग

५. सहभागितामुलक सरसफाई कार्यक्रम

६. विपन्न तथा जेहेन्दार विधार्थीहरुलाई छात्रवृत्ति प्रदान

७. बालबालिका तथा महिलामैत्री समाज निर्माणमा योगदान

८. अन्य

## १६. सम्मान कार्यक्रम

नियमित बचत जम्मा गर्ने तथा नियमित ऋण असुली एवं सही सदुपयोग गर्ने सदस्यहरुलाई प्रोत्साहन एवं हौसला स्वरुप पुरस्कृत गर्ने, अब्वल समूह, जेष्ठ सदस्य, उत्कृष्ट सदस्य, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट व्यवसायि, धेरै सदस्यता बृद्धि गर्ने सदस्य, उत्कृष्ट बाल बचतकर्ता र स्मार्ट सदस्य सम्मान गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ भने गत वर्षबाट त्रैमासिक रुपमा उत्कृष्ट सदस्य सम्मान गर्ने कार्यक्रमको शुरुवात गरिएकोमा यसलाई निरन्तरता दिईनेछ।

## १७. सदस्य सेवा कार्यक्रम

सदस्य सेवा कार्यक्रम अर्न्तगत तपशिल अनुसारको कार्यक्रम संचालन गरिने छ।

- सवै शेयर सदस्यहरुको लागि बिमा कार्यक्रम लागू गर्नका लागि आवश्यक कार्यको थालनी गरिनेछ।
- सदस्य राहत कोष अन्तर्गत सदस्यको मृत्यु भएमा सदस्य परिवारलाई उपलब्ध गराउदै आइएको मौजुदा श्रद्धाञ्जलीसहित प्रदान गरिने राहत रकम रु.५,०००/-,१०,०००/- र १५,०००/- लाई निरन्तरता दिईने छ।

- गम्भीर/घातक प्रकृतिका रोगहरु : क्यान्सर, मृगौला फेल, मुटुको अपरेसन जस्ता रोगहरुमा प्रदान गरिने राहत रकम रु. ५०,०००/- लाई पनि निरन्तरता दिईने छ। भने यस वर्षबाट दुर्घटनामा परि अंगभंग हुने सदस्यहरुको लागि पनि यो सेवा प्रदान गरिनेछ। कोष व्यवस्थापनको लागि वार्षिक प्रति सदस्य रु.१००/- का दरले मासिक बचतबाट कट्टा गरिनेछ भने नयां बन्न आउने सदस्यबाट संस्थामा प्रवेश गर्दाको बखतमा नै लिईनेछ। साथै सदस्य राहत कोष नीति अनुसार खर्च लेखी नाफाबाट छुट्याईनेछ।
- गम्भीर/घातक प्रकृतिका रोगहरुको सुविधा साधारण सभामा अनुपस्थित हुने सदस्यहरुलाई ५० प्रतिशत मात्र उपलब्ध हुनेछ।
- त्यस्तैगरी यस बर्षबाट प्रति सदस्य रु.३००/- का दरले हुन आउने रकम सदस्य राहत कोष शीर्षकमा खर्च लेखी व्यवस्थापन गरिनेछ।
- सुत्केरी भेटघाट तथा नवशिशु स्वागत कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- बालबालिकाहरुको लागि बक्तृत्वकला कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ सदस्यहरुलाई भेटघाट गर्ने कार्यक्रमको शुरुवात गरिनेछ।
- जेष्ठ सदस्यहरुलाई तीर्थाटन भ्रमण कार्यक्रमको शुरुवात गरिएकोमा यसलाई निरन्तरता दिईने छ।
- ऋणको ऋण विमा कार्यक्रम लागू गरिनेछ।
- सदस्यहरुलाई दुर्घटना तथा विरामी हुंदा सहुलियत ऋण (आपतकालिन ऋण) उपलब्ध गराईनेछ। यसरी उपलब्ध गराइएको ऋण ३० दिन भित्र असुली भएमा ब्याज लाग्ने छैन भने सो भन्दा माथि भएमा बचत जमानी ऋणको ब्याजदर बराबर ब्याज लाग्नेछ।
- सदस्य परिचय पत्रको व्यवस्था गरिनेछ।

## १८. गुणस्तर सुनिश्चितताको कार्यक्रम

एशियाली ऋण महासंघ (अक्कु) द्धारा सञ्चालित र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को प्राबिधिक सहयोग रहेको एशियाली स्तरको **ACCESS** ब्राण्डको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## १९. सदस्य सूचना

- सदस्यहरुको सूचनाको हकलाई सुनिश्चितता का लागि वार्षिक प्रतिवेदन, स्थानीय पत्र पत्रिकामा सूचनाहरु प्रकाशित गर्ने, कार्यालयमा सुचना पाटी, एस एम एस, सामाजीक सञ्जाल तथा वेवसाइट मार्फत संस्थाका गतिविधि तथा सूचनाहरु सस्प्रेषण गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ।
- संस्थामा सदस्य सूचना प्रणाली स्थापना गर्न सदस्य पार्श्वचित्र Member Profile तयार गरिनेछ।
  - सदस्यले हरेक कारोबारको जानकारी लिनको लागि डिजिटल पासबुकको व्यवस्था गरिसकेकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ।
  - मोवाईल एपको प्रयोगमा व्यापपकता गराई संस्थाका हरेक सूचनाहरु सदस्यले मोवाईल एपबाट पाउने व्यवस्था मिलाईनेछ।

## २०. छपाई तथा प्रकाशन :

- संस्थाको भित्तेपात्रो,डायरी, ब्रोसर, क्याटलग, फाईबर झोला आदि छपाई गरिनेछ।
- बेभसाईट अपडेट एवं परिमार्जन गरिनेछ।
- डिजिटल रुपमा वित्तीय सूचना पाटी निर्माण गरी मासिक रुपमा हिसाब सार्वजनिक गरिनेछ।

## २१. सुरक्षा योजना

- कार्यालयमा रहने नगद सुरक्षाका लागि काउन्टर, भल्ट विमालाई निरन्तरता दिईने छ।
- जोखिम व्यवस्थापनका लागि आवश्यक कार्यहरु गरिनेछ।

## २२. गुनासो सम्बोधन

सदस्य तथा अन्य सरोकारवाला निकायहरुबाट प्राप्त तथा विद्युतीय माध्यम बाट प्राप्त हुने गुनासोहरु सम्वोधन हुने व्यवस्थालाई निरन्तरता दिईने छ। साथै सदस्यहरुको सन्तुष्टि मापनका लागि सदस्य सर्वेक्षण गरि त्यसको विश्लेषण गरिने छ।

## २३. कार्यालय संचालन :

- सदस्यहरुको सेवालाई छिटो छरीतो तथा सर्वसुलभ सेवा प्रदान गर्न कार्यालय समय विहान ९:३० बजे देखी ५ बजे सम्म (कारोबार समय १०:०० देखि ४:०० बजे सम्म ) र शुक्रबार कार्यालय समय ४ बजे सम्म र कारोबार समय ३:०० बजे सम्म सेवा प्रवाह गरिनेछ। सेवा केन्द्रको हकमा बैंकको सुविधा अनुसार सदस्यहरुलाई सूचना प्रदान गरि समय घटबढ गर्न सकिनेछ।
- हिउदको समयमा उक्त समयमा १ घन्टा कम सेवा प्रदान गरिने छ भने मोवाईल एप मार्फत भने २४ घण्टा सेवा प्रवाह गरिनेछ।

## २४. बचत तथा ऋणका सेवाहरुको पुनरावलोकन

यस वर्ष संस्थाको बचत तथा ऋणका सेवाहरुलाई सदस्य केन्द्रित बनाउनका लागि विभिन्न क्षेत्रका सदस्यहरुको प्रतिनिधित्व हुने गरि सदस्यहरुको उपस्थितिमा बचत तथा ऋणका सेवाहरुको पुनरावलोकन/थप गरी डिजाईन गरिने छ।

## २५. योजना तथा बजेट निमार्णमा सदस्यको सहभागीता

संस्थाको नीति तथा कार्यक्रम, बजेट निर्माण तथा समिक्षामा प्रभावकारी सदस्यहरुको सहभागितालाई जोड दिईने छ।

## २६. कार्य प्रगती तथा समिक्षा प्रकृया

वार्षिक योजना तथा कार्यक्रमलाई मासिक खन्डीकरण गरि प्रगतिको मासिक रुपमा संचालक समितिमा समिक्षा गर्ने तथा त्रैमासिक रुपमा सल्लाहकार ज्यूहरु, विभिन्न उप समितिका सदस्यज्यूहरु र सदस्य ज्यूहरुको सहभागीतामा प्रगतिको समिक्षा गर्ने व्यवस्था मिलाईने छ।

## २७. स्वमूल्यांकन

विगत लामो समयदेखि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरुको नीतिगत रुपमा व्यवस्था गरि स्वमूल्यांकन गर्दै आईरहेकोमा यस कार्यलाई निरन्तरता दिईने छ।

## २८. साधारण सभा र विस्तारित मञ्च

वार्षिक साधारण सभा क्षेत्रगत (एकाईगत) रुपमा गरिने छ भने सेवाकेन्द्र स्तरमा विस्तारित मञ्च कार्यक्रम सञ्चालन गरिनेछ।

## २९. नयां प्रविधियुक्त सेवा :

- हाल प्रयोगमा ल्याईएको सफ्टवेयर र ग्रामीण वालिमकी स्मार्ट एपमा आवश्यक सुधार गर्दै लगिनेछ।
- डिजिटल पासबुकको व्यवस्था अनिवार्य गरिने छ।

- वेभसाईटबाट शेयर सदस्य बन्नका लागि भरिने फारम, सदस्य पहिचान फारम, बचत खाता तथा ऋण मागफारम अनलाईन भर्ने प्रविधिको विकास गरिने छ।
- ई काउन्टर सेवा र क्यू आर कोड मार्फत भुक्तानी गर्न सकिने सेवाको विकास गरिएकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ।
- डीपोजिट भौचरमा सफ्टवेयरमा कारोबार प्रविष्टि भएको जानकारी प्रिन्ट हुने व्यवस्था मिलाईनेछ।
- आवश्यकता अनुसार नयां प्रविधिको शुरुवात गरिनेछ।
- डाटा सुरक्षाको लागि **Cloud Server System** को प्रयोग गरिएकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ।
- सि.सि. क्यामेरा ड्युल रेकर्डिङको स्टोरेज क्षमता बढाईनेछ।
- मिस्ड कल बैंकिङ सेवाको शुरुवात गरिनेछ।
- **Voice SMS Service** को लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।

## ३०. मोवाईल एप टुटोरियाल भिडियो

गत वर्ष संस्थाको मोवाईल एप **(GRAMIN SMART BANKING)** प्रयोग विधि बारे टुटोरियाल भिडियो बनाईएकोमा एपमा गरिने परिमार्जन अनुसार उक्त भिडियोलाई पनि आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

## ३१. वृत्तचित्र

संस्थाको गतिविधिहरु झल्कने गरी वृत्तचित्र निर्माण गरिनेछ।

## ३२. सदस्य सर्भेक्षण :

- यस वर्ष विभिन्न चरणमा सदस्य सर्वेक्षण गर्ने कार्य गरिनेछ।
- ऋण सदुपयोगिता सर्भेक्षण गरिनेछ।

## ३३. एकीकरण :

कार्यक्षेत्र भित्रका एकिकरण गर्न इच्छुक सहकारी संस्थालाई एकिकरण गर्ने वातावरण मिलाइने छ भने संस्थासंग उद्देश्य, भावना र कार्यगत प्रक्रिया मिल्ने संस्थाहरुसंग हातेमालो गर्दै एकिकृत भावना विकास गर्ने कार्यलाई नेतृत्वदायी भूमिका निर्वाह गर्दै अगाडि बढाइनेछ।

## ३४. सेवा केन्द्र :

सदस्य मार्फत समुदायलाई स्थानिय स्तरमा नै सर्बसुलभ एवं प्रभावकारी एकीकृत सेवा उपलब्ध गराउने कार्यक्रम अनुसार सेवा केन्द्र सञ्चालन एवं व्यवस्थापन गरिनेछ।

## ३५. अन्य संघ संस्था संगको सम्वध

संस्थाको कार्यक्रम र छविलाई व्यापक बनाउन विभिन्न संघ संस्थाहरुसँग सम्पर्क र समन्वय गरी सम्बन्ध विस्तार गरिनेछ। पुराना संस्थाहरुसंगको सम्बन्धलाई निरन्तरता दिंदै दिगो सम्बन्धको विकास गरिनेछ।

## ३६. कार्यक्रमिक

- संस्थाद्धारा लगानी गरिएको आयमूलक क्षेत्र अन्तर्गतको कृषि तथा पशुपालन व्यवसायलाई अझ बढी व्यवस्थित, व्यावसायिक एवं सुरक्षित बनाउने उद्देश्य अनुरुप कृषि तथा पशु-विमा कार्यक्रमलाई प्रवर्द्धन गर्न सहयोग गरिने छ।
- आर्थिक सेवा प्रदायक संघ संस्थाको मूल प्रभावभन्दा बाहिर रहेका अथवा वित्तीय पहुंच र अवसरबाट बञ्चित समुदायका व्यक्तिहरुलाई वित्तीय सेवा र सहभागिताको मूल प्रवाहमा ल्याउनका लागि आवश्यक कार्य अगाडि बढाईनेछ।

- विभिन्न चाडपर्व, दिवस आदिको अवसरमा कार्यक्रममहरु आयोजना गरिनेछ।
- सहकारीका सिद्धान्तहरुमध्येको एक महत्वपूर्ण सिद्धान्त सहकारी बिच समन्वय लाई व्यवहारगत रुपमा अगाडी बढाईनेछ। जसको स्थानियम स्तरमा सञ्चालित कम सक्षम सहकारीहरुलाई स्तर उन्नति गर्न आवश्यक सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

## ३७. सामाजिक परीक्षण :

संस्थाको संस्थागत सामाजिक लेखा राख्ने व्यवस्था मिलाईनेछ।

## ३८. लेखा परीक्षण :

- संस्थाको कारोवारको वार्षिक लेखा परीक्षण साधारण सभाले नियुक्त गरेको लेखापरीक्षक **(CA)** बाट सम्पन्न गरिनेछ।
- त्यस्तैगरि कार्यालय सञ्चालन र दैनिक कारोबार व्यवस्थापनलाई थप चुस्त, दुरुस्त एवं व्यवस्थित गर्न पनि आन्तरिक लेखापरीक्षक **(CA)** द्धारा आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

## ३९. संस्थागत सुशासन :

- संस्थालाई सहकारी सिद्धान्त, सहकारी ऐन तथा मापदण्ड अनुसार सञ्चालन गरी सुशासनयुक्त र मर्यादित बनाईनेछ।
- संस्थागत सुशासनको परिपालना गर्न र मापन गर्न अनुपालन सूची Compliance Index तयार गरिनेछ।

## ३. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रगति प्रतिवेदन

यस अवधिको समग्र संस्थाको अध्ययन र विश्लेषणका आधारमा लुम्बिनी प्रदेश सहकारी ऐनको परिच्छेद ६ दफा ४५ सँग सम्बन्धित प्रतिवेदन :

**अघिल्लो साधारण सभाका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा :**

१. आर्थिक वर्षको सुरुवात श्रावणदेखि साधारण सभासम्मको खर्च पेश्की बजेटमार्फत् गरी साधारण सभाबाट स्वीकृत गर्ने प्रक्रियालाई निरन्तरता दिइएको ।

२. सञ्चालक समितिले अघिल्लो साधारण सभाले दिएको अधिकार प्रयोग गरी नियामक निकाय सहकारी विभागद्वारा जारी गरिएको सन्दर्भ ब्याजदर संस्थाको बचत नीति तथा ऋण व्यवस्थापन नीति र बजारको अवस्थालाई मध्यनजर गर्दै ५ पटक ब्याजदर परिमार्जन गरिएको छ।

**आर्थिक वर्ष २०८१/८२ मा बसेको बैठक सङ्ख्या तथा निर्णय कार्यान्वयन सम्बन्धमा :**

१. ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८१ साल आश्विन १३ गतेदेखि २१ गतेसम्म (अन्तिम निर्णय प्रमाणित आश्विन २९ गते) आयोजना गरिएको ३१ औं वार्षिक साधारण सभा नियमपूर्वक सम्पन्न भएको र साधारणसभाहरुबाट पारित भएका निर्णयहरु यस अवधिसम्म आइपुग्दा प्रायः कार्यान्वयन भएको देखिन्छ ।

२. यस आर्थिक वर्षमा सञ्चालक समितिको बैठक १५ पटक र लेखा सुपरिवेक्षण समितिको बैठक ५ पटक बसेको छ। बैठक सञ्चालक समितिको बैठक सञ्चालन कार्यविधि अनुसार बसी संस्थामा रहेका मौजुदा नीति, नियम, कार्यविधि तथा कार्ययोजना अनुसार नै निर्णय एवम् कार्यान्वयन गर्ने गरेको पाइयो । साथै अन्य विभिन्न विषयगत उप-समितिहरूको बैठक पनि कार्यविधि अनुसार बस्ने गरेको पाइयो ।

**बचत परिचालन, ऋण लगानी प्रक्रिया, ऋणबापतको सुरक्षण वा धितो सम्बन्धमा :**

१. संस्थाको विस्तार हुँदै गएको कारोवार र ऋण लगानीको क्षेत्रलाई अझ बढि सुरक्षित एवं प्रभावकारी बनाउन सञ्चालक समितिले महसुस गरी मौजुदा ऋण नीतिमा समयसापेक्ष संशोधन गरिएको र ऋण व्यवस्थापन नीति संशोधन गरी कार्यान्वयनमा ल्याएको, ऋण लगानी कार्यविधी कार्यान्वयनमा ल्याएको र ऋणीको ५ सि (5C) को मूल्याङ्कन गरी ऋण लगानी गरेको देखिन्छ ।

२. संस्थाले रु. १०,००,०००/- भन्दा माथिको ऋण लगानी गर्दा बाह्य परामर्शदाता इन्जिनियरबाट घरजग्गाको आधिकारिक मूल्याङ्कन गराई सोही मूल्याङ्कनको आधारमा ऋण लगानी गर्ने सुरक्षित उपायलाई निरन्तर अवलम्बन गरेको देखिन्छ ।

३. सहकारी विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट समय-समयमा जारी गरिएका निर्देशन तथा मापदण्ड अनुसार संस्थाले आफ्ना गतिविधीहरु सञ्चालन गरेको देखिन्छ ।

४. संस्थाको ऋण नीतिअनुसार बिना धितो सदस्य तथा समूह जमानीमा एवं लघु व्यवसाय गर्न व्यवसायको वैधानिक कागजातको आधारमा रु. २ लाखसम्म ऋण प्रदान गर्ने नीतिको अवलम्बनबाट सदस्यहरूको पहुँच वृद्धि भएको पाइयो ।

५. धितो सुरक्षण ऋणमा सबै धितोलाई दृष्टिबन्धक रोक्का गर्ने गरेको पाइयो ।

६. ऋण लगानीका नमुना फाइलहरू अध्ययन गर्दा ऋण लगानी प्रक्रिया, आवश्यक कागजात, ऋण सुरक्षण धितोको अवस्था, आम्दानीका प्रारम्भिक तथा दिगो स्रोतहरू र बजार मूल्याङ्कन आदिको आधारमा ऋण स्वीकृत गरी लगानी गर्ने गरेको पाइयो ।

७. ऋण लगानी प्रक्रिया संस्थाको व्यवस्थापनका साथै समितिको तर्फबाट छिटो छरितो र सर्वसुलभ तरिकाले गर्ने गरेको पाइयो ।

८. ऋण असुलीको अवस्था कमजोर देखिन्छ, कुल भाखा नाघेको ऋण ८.०४ प्रतिशत छ। मापनको हिसाबले आर्थिक वर्षको अन्त्यमा देखिएको असुलीको अवस्था अनुसार ऋणमा जोखिम बढेको देखिन्छ।

**गैर-वित्तीय कार्यक्रम सम्बन्धमा :**

संस्थाले सञ्चालन गरेका गैर-वित्तीय सेवाहरू सुत्केरी भेटघाट कार्यक्रम, सदस्य मृत्यु राहत कोषको व्यवस्था, सदस्य सर्वेक्षण कार्यक्रम, उत्कृष्ट सदस्यलाई पुरस्कृत कार्यक्रम, रक्तदान जस्ता कार्यक्रमहरु प्रभावकारी रूपमा निरन्तर सञ्चालनमा छन्। यो कार्यक्रमबाट संस्थाको सामाजिक उत्तरदायित्व वहन तथा सदस्यहरूसँगको भावनात्मक सम्बन्ध विकास र विस्तार तथा संस्थाको ख्यातिमा समेत वृद्धि भएको छ।

**सूचना, प्रविधि र सुरक्षा सम्बन्धमा :**

१. संस्थाले २०८१ श्रावणबाट SynergyTech सफ्टवेयर कम्पनीको M-Fin Plus Software प्रयोग गरेको छ। उक्त सफ्टवेयर CORE BANKING SYSTEM को लागि भरपर्दो र आवश्यकता अनुसारको वित्तीय विवरणहरू प्रदान गर्ने सफ्टवेयर हो भन्ने लागेको छ। दैनिक रूपमा क्लाउड सिस्टममा डाटा ब्याकअप गर्ने गरिएको छ। नेटवर्क सुरक्षाका लागि फायरवेल प्रणाली छ। आवश्यकता अनुसार कर्मचारीहरूलाई OPERATIONAL ID प्रदान गरिएको छ ADMINISTRATIVE ID उच्च व्यवस्थापनसँग रहेको छ।

२. संस्थाको केन्द्रिय कार्यालय तथा सबै सेवा केन्द्रमा आवश्यकता अनुसार सुरक्षा गार्ड तथा सी.सी. क्यामेराको व्यवस्था गरिएको छ।

३. संस्थाका महत्वपूर्ण कागजातहरू, माइन्युट निर्णय, ऋण तमसुक लगायत वित्तीय विवरणहरूको इलेक्ट्रोनिक कपि मार्फत् सुरक्षित राख्ने कार्यको थालनी गरिएको छ।

४. संस्थाले सञ्चालन गरेको मोबाइल बैंकिङ्ग एप्स सरल, सहज तथा सुरक्षित रहेको देखिन्छ।

५. संस्थाले डिजिटल पासबुकको शुरुवात गरेको छ।

६. QR भुक्तानी र QR Withdraw प्रणाली निकै सरल, सहज तथा सुरक्षित रहेको देखिन्छ।

७. संस्थागत जानकारी तथा कार्यक्रमहरूलाई सामाजिक सञ्जाल, वेबसाइट तथा एस.एम.एस. मार्फत् जानकारी गराउने गरिएको छ।

८. मोबाइल बैंकिङ्ग एप्स र एस.एम.एस. प्रयोगकर्ता सदस्यहरूको सङ्ख्यामा वृद्धि भई प्रविधियुक्त सेवामा सदस्यको सहज पहुँचमा विस्तार हुँदै गएको देखिन्छ।

**व्यवस्थापन तथा प्रशासन सम्बन्धमा :**

१. मानव संसाधन व्यवस्थापन नीतिलाई अद्यावधिक गर्दै पूर्ण रूपमा प्रयोगमा ल्याइएको छ।

२. वार्षिक रूपमा कर्मचारीहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने परिपाटीलाई नियमित गरिएको छ।

३. संस्थाको नीतिअनुसार नै कर्मचारीको भर्ना प्रक्रिया पारदर्शी एवम् प्रतिस्पर्धी रूपमा गर्ने गरिएको छ र संस्थाले कार्यक्रमको प्रकृति एवम् कार्यबोझको आधारमा यस वर्ष कर्मचारीहरू थप गरेको देखिन्छ।

४. कर्मचारी नियुक्ति गर्दा नीतिमा उल्लेख भए अनुसार नियमित, कार्यगत, समयगत आकस्मिक र आशिंक रोजगारीको व्यवस्था अपनाउने गरिएको र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा तथा पुरस्कारको व्यवस्था गरिएको छ।

५. संस्थालाले हालसम्म प्राप्त गरेको ACCESS BRAND, PROBATION BRAND, समय समयमा प्राप्त विभिन्न पुरस्कारहरुको कारणले संस्थाको ख्याति अत्यन्त उच्च रहेको छ।

६. सहकारी एकीकरणको प्रभाव समुदायमा राम्रो देखिएको छ एकीकरणमार्फत् बढ्दै गएको क्षेत्र विस्तार र सदस्य वृद्धि संस्थाको लागि सबल पक्ष रहेको छ भने यसले समुदायमा विश्वास पनि उत्तिकै बढेको छ। व्यवस्थापन गर्न सक्ने गरी संस्था एकीकरणको योजना गरेको देखिन्छ।

७. संस्था सामाजिक सुरक्षा कोषमा आवद्ध भई योगदान गरिरहेको छ।

**वित्तीय उपलब्धी विवरण**

| | | |
|---|---|---|
| कुल सदस्य सङ्ख्या | : | १२,६३६ जना |
| कुल ऋणी सङ्ख्या | : | २३८६ जना |
| बचत सङ्कलन | : | रू. ९७,२३,९२,२३३.२५ |
| ऋण लगानी | : | रू. ७८,९३,२९,०२१.९६ |
| कुल शेयर पूँजी | : | रू. ८,१६,०६,१००.०० |
| जगेडा कोष | : | रू. ९,४,२,४५,८३७.४३ |
| कुल पूँजी | : | रू. १,१६,४३,६१,८१८.४७ |

१. बचत सङ्कलन र ऋण लगानीको अनुपात ८१.१७ प्रतिशत रहेको छ।

२. कुल बचत सङ्कलनमा शेयर पूँजीको अनुपात ८.३९ प्रतिशत रहेको छ।

३. कुल ऋण लगानीमा शेयर पूँजीको अनुपात १०.३३ प्रतिशत रहेको छ।

४. कुल पूँजी र जगेडा कोषको अनुपात ८.१ प्रतिशत रहेको छ।

५. प्रस्तावित आम्दानीको आधारमा वास्तविक आम्दानीमा ९९.९७ प्रतिशत उपलब्धी छ। प्रस्तावित खर्चको आधारमा वास्तविक खर्च ११७.७९ प्रतिशत रहेको छ।

६. संस्थामा तरलता पर्याप्त मात्रामा (३४.२ प्रतिशत) रहेको देखिन्छ।

७. बचत र ऋणको अन्तर ब्याजदर (स्प्रेडदर) ५.०९ प्रतिशत रहेको देखिन्छ, जुन नियमानुसार रहेको छ।

८. संस्थाले सम्पत्ति शुद्धीकरण निर्देशिकालाई कार्यान्वयनमा ल्याएको छ।

९. सहकारी विभाग, नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट समय-समयमा जारी गरिएका निर्देशन तथा मापदण्ड अनुसार संस्थाले आफ्ना गतिविधिहरू सञ्चालन गरेको देखिन्छ।

१०. संस्थागत दायित्व अन्तर्गत यस आर्थिक वर्षमा भुक्तान गर्नुपर्ने कर नियमानुसार फछ्यौंट गरिएको छ।

११. संस्था विकास र सदस्यहरूको उन्नतिको निमित्त लगनशील यस संस्थाका सञ्चालकहरूलाई बैठक खर्च बापत रु.१०००/- व्यवस्थापन उप समितिका सदस्यहरूलाई रु.५००/- उपलब्ध गराइएको छ। यसबाहेक अन्य कुनै तलब भत्ता तथा सुविधाको निर्णय गरेको देखिँदैन।

## विविध

१. सुशासन सम्बन्धी नीति निर्माण गरी संस्थागत सुशासन पूर्ण रूपमा पालना भएको देखिन्छ।

२. कार्यालयका स्थिर सम्पत्ति जस्तै भवन, भल्ट, फर्निचर लगायत सम्पूर्ण भौतिक सम्पत्ति र नगदमा पूर्ण सुरक्षा र सावधानी अपनाइएको छ।

३. संस्थाका सबै कार्यालयमा सुझाव-पुस्तिका राखी सदस्यहरूको सुझाव तथा गुनासोलाई व्यवस्थापन गर्ने गरिएको पाइन्छ।

४. सहकारी विभागबाट जारी दोहोरो सदस्यता सम्बन्धी अन्त्यको लागि व्यवस्थालाई कार्यान्वयन सूचना आह्वान गरी कार्य प्रक्रिया अगाडि बढाइएको छ।

५. यस लेखा सुपरिवेक्षण समितिले अघिल्लो साधारण सभामा प्रस्तुत गरिएका सुझावहरु कार्यान्वयन भएका र समय समयमा हामीले दिएका सुझावहरुको कार्यान्वयन हुँदै आएको हामीले अध्ययनको सिलसिलामा पायौं।

६. यस अवधिमा संस्थाको शेयर पूँजी र संस्थागत पूँजीमा भएको वृद्धि वित्तीय हिसाबले सकारात्मक रहेको छ। एच्चेक्ष्क्ष्ल (पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम), ACCESS Branding मा सहभागीता र ब्राण्ड प्राप्त, नयाँ नीति नियमहरु निर्माण तथा मौजुदा नीति नियमलाई समयानुकूल परिमार्जन, नीतिअनुरुप कार्यविधि निर्माण, भौतिक पूर्वाधारमा सहज परिमार्जन, संस्थाको आफ्नै मोबाइल एप्स, एस.एम.एस. बैंकिङ्ग कार्यहरु सकारात्मक रहेका छन्।

## अन्तमा सुधार गर्नुपर्ने पक्षहरु :

१. हाल यस संस्था नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा सञ्चालित PROBATION (पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम) र ACCESS Branding मा सहभागी भई Brand प्राप्त गर्न सफल भएको सन्दर्भमा ब्राण्डको स्तरोन्नतिको लागि संस्थाको संस्थागत पूँजी वृद्धिमा विशेष योजनाका साथ लाग्नुपर्ने देखिन्छ।

२. संस्था सञ्चालनको लागि नीतिगत रुपमा सञ्चालक समितिको अति महत्वपूर्ण स्थान र भूमिका हुने भएकोले संस्थाको विकास र विस्तारक्रमसंगै समिति आफू अधावधिक हुँदै समयको अझ बढि संस्थाका क्रियाकलापमा योगदान गर्नुपर्ने देखिन्छ।

३. संस्थामा रहेको कुल बचत तथा कुल ऋण लगानीको अनुपात विश्लेषण गर्दा ऋण लगानीका नयाँ क्षेत्र पहिचान गरी ऋण लगानीमा वृद्धि गर्नुपर्ने देखिन्छ।

४. सदस्य संख्याको तुलनामा ऋणी सदस्य संख्या बृद्धि गर्न साना व्यवसाय, कृषि व्यवसाय, लघुउधम र मझौला व्यवसायमा लगानी बृद्धि गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ।

५. विना धितो लगानी गरिएको ऋणको लागि संस्थाको सुरक्षण तथा सदस्य संरक्षणको लागि ऋण बिमा कार्यक्रम शुरु गर्नुपर्ने देखिन्छ भने राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार कम्तिमा २ जना धनजमानी अनिवार्य व्यवस्था गर्नुपर्ने देखिन्छ।

६. ऋण लगानी गर्दा सम्बन्धित व्यक्ति एवं व्यवसायको नगद प्रवाहको अध्ययन पश्चात मात्र निर्णय लिनु उपयुक्त देखिन्छ।

७. लगानीको जोखिम कम गर्ने हिसाबले ऋण रकम प्रदान गरिसकेपछि ऋण सदुपयोगिता निरीक्षण गर्नुपर्ने आवश्यकता देखिएको छ।

८. आर्थिक मन्दीको प्रभाव यस आर्थिक वर्षमा पनि निरन्तर रहिरहने भएकोले संस्थाले लगानी गरेको ऋण सुरक्षण तथा असुली कार्यलाई रणनैतिक कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

९. संस्थाका सदस्यहरुलाई सीप विकास एवं व्यावसायिक तालिमको माध्यमबाट पूर्ण रुपमा व्यावसायिक बनाउँदै लैजानुपर्ने वर्तमान सन्दर्भमा लघु उधम तथा सीपमूलक व्यावसायिक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ।

१०. संस्थाको मौजुदा विनियम एवं आवश्यकता अनुसार सञ्चालक समिति एवं सञ्चालक समितिद्धारा गठन गरिने उप-समितिका सदस्यहरुको सीप र क्षमतामा वृद्धि गरी अझ सशक्त गराउनुपर्ने देखिन्छ।

११. प्रविधियुक्त सेवामा सदस्यको सहज पहुँच वृद्धि गर्न वित्तीय साक्षरता, प्रविधि साक्षरता तथा तालिमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ।

१२. सदस्य शिक्षा कार्यक्रम र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई व्यापक गराउनुपर्ने देखिन्छ।

१३. संस्थामा वित्तीय तुलनामा तरलताको अवस्थामा बढि उतार चढाव देखिएकोले पर्ल्स अनुसार व्यवस्थापनमा बढि जोड दिनुपर्ने देखिन्छ।

१४. संस्थाले हालसम्म प्राप्त गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान, पुरस्कार तथा उपलब्धीलाई कायम राख्दै माथिल्लो तहको ब्राण्ड प्राप्त गर्न आवश्यक कार्य गर्नुपर्ने देखिन्छ।

१५. संस्थाको आर्थिक कारोबार दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा जोखिमका क्षेत्रहरू पनि बढ्दै जानु स्वाभाविक देखिन्छ। तसर्थ, जोखिमका क्षेत्रहरू पहिचान गरी यसलाई न्यूनीकरण गर्न आवश्यक कार्य गर्नुपर्ने देखिन्छ। विशेषगरी बिना धितो गरिने ऋण लगानीमा जोखिम कम गर्नको लागि आवश्यक कार्य गर्नुपर्ने देखिन्छ।

१६. यस संस्थाको ख्यातीलाई कायम राख्न र संस्थाका सञ्चालकहरू, उप-समिति एवं व्यवस्थापन उप-समितिका पदाधिकारीहरू र कर्मचारीहरूको क्षमता विकास र उर्जा प्रदान गर्नका लागि हरेक वर्ष तालिम तथा अवलोकन भ्रमणको अवसर निरन्तर प्रदान गर्नुपर्ने देखिन्छ।

यस समयावधिमा हामीले आन्तरिक लेखा परीक्षण एवं संस्थाको अन्य सम्बन्धित क्रियाकलापको बारेमा अध्ययन गर्दा संस्थामा संलग्न सञ्चालक समिति एवं कर्मचारीबाट कहीं कतै संस्थाको हित प्रतिकूल हुने गतिविधिहरु नगरेको हाम्रो जानकारीमा रहेको कुरा जानकारी गराउंछौं।

# ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

बर्दघाट-७, नवलपरासी

३ महले फारम

संस्थाको विनियम २०५१ (पुनर्लेखन २०८०) लाई संस्थाको नीति, कार्यक्रम, समय अनुकुल परिवर्तन र सहकारी सिद्धान्त, सहकारी कानुन बमोजिम सदस्यहरुको चाहना अनुरुप सेवामा विविधिकरण तथा विशिष्टिकरण गर्नका लागि समसामयिक संसोधन गर्न वाञ्छनीय भएकोले संस्थाको यो विनियमको (प्रथम) संसोधन बनेको छ।

१) संक्षिप्त नाम र प्रारम्भ

क) नाम : ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. विनियम (प्रथम संसोधन) २०८२

ख) प्रारम्भ : यो विनियम दर्ता अधिकारीबाट स्वीकृत गरेपछि लागू हुनेछ।

| क्र.सं. | परिच्छेद | दफा | उपदफा | विनियममा भएको हालको व्यवस्था | संसोधित व्यवस्था | संसोधन गनु पर्ने कारण |
|---|---|---|---|---|---|---|
| १ | १ | ३ | ध | नभएको | "कर्जा सूचना केन्द्र" भन्नाले ऐनको दफा ८१ बमोजिमको कर्जा सूचना केन्द्र सम्झनु पर्छ। | सहकारी ऐनमा व्यवस्था भएबमोजिम व्यवस्थापन गर्नुपर्ने भएकोले। |
| २ | १ | ३ | न | नभएको | "परिवार" भन्नाले सदस्यको पति वा पत्नी छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा,सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी बहिनी सम्झनु पर्छ। तर सो शब्दले अंशबण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन। | राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले जारी गरेको नियामीय मापदण्ड अनुसार व्यवस्थापन गर्नुपर्ने भएकोले। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १ | ३ | प | नभएको | "प्राधिकरण" भन्नाले ऐनको दफा १०३ क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ। | सहकारी ऐनमा व्यवस्था भएबमोजिम व्यवस्थापन गर्नुपर्ने भएकोले। |
| ४ | ६ | ३४ | १ | संस्थामा साधारण सभाबाट निर्वाचित १३ जनाको सञ्चालक समिति रहनेछ। जसमा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष,एक जना सचिव, एक जना सह सचिव, एक जना कोषाध्यक्ष र बांकी सदस्य रहनेछन्। | संस्थामा साधारण सभाबाट निर्वाचित अध्यक्ष सहित नौ जनाको सञ्चालक समिति रहनेछ। जसमा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव, एक जना कोषाध्यष र बांकी सदस्य रहनेछन्। | राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले जारी गरेको नियामीय मापदण्ड अनुसार व्यवस्थापन गर्नुपर्ने भएकोले। |
| ५ | ९ | ५२ | ४ | नभएको | संस्थाले प्रति सदस्य बचत संकलन सीमा संस्थाको प्राथमिक पूंजी कोषको दश प्रतिशतसम्म हुनेछ। | राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले जारी गरेको नियामीय मापदण्ड अनुसार व्यवस्थापन गर्नुपर्ने भएकोले। |
| ६ | ९ | ५३ | १(ग) | संस्थाले कुनै एक सदस्यलाई 'संस्थाको प्राथमिक पूंजी कोषको १० प्रतिशतमा ननघाई ऋण प्रदान गर्न सक्नेछ। प्राथमिक पूंजी कोष भन्नाले संस्थाको शेयर पूंजी र जगेडा कोषलाई सम्झनुपर्छ। | संस्थाले प्रति सदस्य प्राथमिक पूंजीको अधिकतम पन्ध्र प्रतिशत भन्दा बढी रकम ऋण प्रवाह गर्ने छैन। सदस्यता लिएको न्यूनतम तीन महिना नपुगेका सदस्यहरुलाई संस्थाले ऋण लगानी गर्ने छैन भने कम्तीमा छ महिना नपुगेको सदस्यहरुलाई बिनाधितो ऋण लगानी गर्ने छैन। | राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले जारी गरेको नियामीय मापदण्ड अनुसार व्यवस्थापन गर्नुपर्ने भएकोले। |
| ७ | ९ | ५३ | ३ | संस्थाबाट प्रवाहित हुने ऋणलाई असल, शंकास्पद ऋण र खराब ऋण गरी तीन वर्गमा विभाजन गरी असल ऋणमा १ प्रतिशत, शंकास्पद ऋण (१ वर्ष सम्म भाखा नाघेको) मा ३५ प्रतिशत र खराब ऋण (१ वर्ष भन्दा बढी भाखा नाघेको) ऋाणमा १०० प्रतिशत ऋण नोक्सानी कोषको व्यवस्था गरिनेछ। | **३ ऋणको वर्गिकरण र ऋण नोक्सानी व्यवस्था**<br>**(१) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय अनुसार वर्गिकरण गरिनेछ।**<br>**(क) सक्रिय ऋण** : सक्रिय ऋणमा निम्नानुसारको असल ऋण पर्नेछन्।<br>(१) भाखा ननाघेको वा भाखा नाघी तीन महिना व्यतीत नभएको। | राष्ट्रिय सहकारी नियमन प्राधिकरण ले जारी गरेको नियामीय मापदण्ड अनुसार व्यवस्थापन गर्नुपर्ने भएकोले। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | (२) सदस्यहरुको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण ।<br>**(ख) निष्क्रिय ऋण** : निष्क्रिय ऋणमा निम्नानुसारका ऋण पर्नेछन् :<br>(१) कमसल : ३ देखि ६ महिना सम्म भाखा नाघेको ऋण ।<br>(२) शंकास्पद : ६ देखि १२ महिना सम्म भाखा नाघेको ऋण ।<br>(३) खराब : १२ महिनाभन्दा बढीले भाखा नाघेको ऋण ।<br>**(२) संस्थाबाट प्रवाहित हुने ऋणमा देहाय अनुसार ऋण नोक्सानी व्यवस्था गरिनेछ।**<br>(क) असल ऋण : १ प्रतिशत<br>(ख) सदस्यको बचतको सुरक्षणमा प्रवाह गरेको ऋणमा:१ प्रतिशत<br>(ग) कमसल ऋण : २५ प्रतिशत<br>(घ) शंकास्पद ऋण : ५० प्रतिशत<br>(ङ) खराब ऋण : १०० प्रतिशत | |